मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २९ • २०८२ साल मंसिर २५ गते बिहीबार • Thursday 11, December 2025 • सूर्योदयः बिहान ०६:४४ बजे • सूर्यास्तः साँझ ५:१३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## भारतीय दूतावासद्वारा ओडिशा नृत्य आयोजना

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित मैथिली विकास कोषको बैठक हलमा भारतीय दूतावास र भारतीय महावाणिज्य दूतावासले ओडिशा नृत्य कार्यक्रम गरेको छ ।
कार्यक्रमको प्रमुख अतिथि जनकपुरधामका नगर प्रमुख मनोजकुमार साह, भारतीय महावाणिज्यदूत देवी सहाय मीना, प्राज्ञ राम भरोस कापडि भ्रमर, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, राजर्षि जनक विश्वविद्यालयका उपकुलपतिलगायतकाले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।
सन्ध्या कुञ्जन मेनन दासको कलाकारले कृष्ण र गोपी लीला, सीता स्वयंवर, बुद्ध र यशोधरा सम्वाद, र वन्दे मातरम् ओडिशा नृत्य प्रस्तुत गरेका थिए । कलाकारहरुको भावपूर्ण अभिव्यक्ति र सामूहिक नृत्यले दर्शकलाई मोहित बनाएको थियो ।
कार्यक्रमको समापनपछि सन्ध्या कुञ्जन मेनन दास र उनको टोलीलाई भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले सम्मान गरेका थिए ।

# मधेशमा विश्वासको मत अझै अनिश्चित
# भागबण्डा नमिल्दा गठबन्धनमा तनाव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका मुख्यमन्त्री कृष्ण यादवले मंसिर २४ गते विश्वासको मत लिने भनेका थिए । तर उनले आफैँ मंसिर २४ गते विश्वासको मत लिने समाचार गलत रहेको अभिव्यक्ति दिएपछि विश्वासको मत कहिले लिने विषय अनिश्चित बनेको छ । यसका साथै गठबन्धन भित्र फाँटो निम्तिएको आशंका पनि उब्जिएको छ । तर मूल कारण मन्त्रालय बाँडफाँडमा गठबन्धन दल भित्र देखिएको असन्तुष्टि हो ।
प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ अनुसार विश्वासको मत लिन मुख्यमन्त्रीले ४८ घण्टाअघि औपचारिक रूपमा सभामुखलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यो प्रक्रिया पूरा नभएकै कारण पनि नयाँ मिति टुंगो लाग्न सकेको छैन ।
मंसिर २४ गते प्रक्रिया अघि नबढेपछि मंसिर २७ गते विश्वासको मत लिन सकिने चर्चा भए पनि गठबन्धनभित्र सहमति नजुटेपछि मिति अनिश्चित बनेको छ । दलहरूका नेताहरूले गठबन्धनको बैठक बसेर मात्र आधिकारिक निर्णय हुने बताएका छन् ।
लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका नेता जयनुल राइनले कुनै दलले मनपरी घोषणा गरेर मिति तोक्न नहुने बताउँदै भने, 'मुख्यमन्त्री काठमाडौँमा हुँदा उनले २७ गते भन्नु भयो भनेर मिति पक्का हुँदैन । बैठकपछि मात्र टुंगो लाग्छ ।' उनले मन्त्रालय बाँडफाँडको विषय पनि अझै समाधान हुन बाँकी रहेको बताए ।
नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले मिति तोकिएको भए पनि प्रक्रियागत रूपमा अघि नबढेकाले विश्वासको मत हुन नसकेको बताए । उनका अनुसार गठबन्धनको बैठक दुई–तीन दिनभित्र बस्नेछ र सोही बैठकले विश्वासको मतको मिति र मन्त्रालय भागबण्डा दुवै टुंगो लगाउनेछ ।
जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले विश्वासको मतका लागि विपक्षीको पनि उपस्थिति आवश्यक पर्ने भएकाले यो महिनाभित्र मत नहुने सम्भावना उच्च रहेको बताए । उनका अनुसार एमालेको महाधिवेशनपछि मात्र विश्वासको मत प्रक्रिया शुरु हुने अनुमान छ ।
नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले पनि मिति गठबन्धनकै सहमतिमा टुंगो लाग्ने भएकाले केही समय लाग्न सक्ने बताए । उनका अनुसार मन्त्रालय बाँडफाँडमा सबै दलको हित जोगिने सहमति बनाउन कठिनाइ देखिँदै आएको छ ।
अहिले ७ दलीय गठबन्धनमा 'कमाउ' भनेर चिनिएका मन्त्रालयका भागबण्डामा मत नमिलेपछि गठबन्धन बैठक नै बस्न सकेको छैन । यद्यपि पाँच दलले सरकारलाई समर्थन गरेका भए पनि अहिलेसम्म कुनै दल सरकारमा सहभागी भएको छैन ।
मंसिर १९ गते कांग्रेसका नेता कृष्ण यादव मधेशका मुख्यमन्त्री नियुक्त भएका हुन् । विश्वासको मत कहिले लिने भन्ने विषय चाहिँ अझै गठबन्धनको सहमतिमै अड्किएको अवस्था छ ।

# ऋणीद्वारा प्रहरी कार्यालयमै आत्मदाह प्रयास



**मधेशदृष्टि**
**सर्लाही ।**
गरिमा विकास बैँकको कर्जासम्बन्धी विवादमा वर्षौँदेखि न्याय खोज्दै आएका नथुनी मुखियाले सर्लाही जिल्ला प्रहरी कार्यालयको प्राङ्गणमै पेट्रोल खन्याई आत्मदाह प्रयास गरेका छन् ।
आर्थिक शोषण, प्रशासनिक बेवास्ता र न्यायिक ढिलासुस्तीले थिचिएर आफू आत्मदा गर्न 'बाध्य' भएको भन्दै मुखियाले प्रहरीसामु नै 'अब म कहाँ जाउँ ?' भन्दै शरीरमा पेट्रोल छर्केर आगो लगाउने कोसिस गरेका थिए ।
घटनास्थलमै उपस्थित प्रहरीले तत्काल नियन्त्रणमा लिएपछि ठूलो दुर्घटना टरेको हो । प्रहरीको हस्तक्षेपपछि मुखियालाई उपचारका लागि अस्पताल लगिएको र हाल अवस्था सामान्य रहेको बताइएको छ ।
परिवार तथा स्थानीयका अनुसार गरिमा विकास बैंकले मुखियाको जग्गा–जमिन, घर–गोठ र जीवनभरको भरोसा लिलामी प्रक्रियामा अघि बढाएपछि उनी गम्भीर मानसिक तनावमा थिए । पीडितले प्रशासन, प्रहरी र अदालतसम्म गुहार्दा पनि काम नभएपछि उनी आत्मदाहमा पुगेका हुन् । 'फाइल घुमाएर मात्र समय बिताइयो, न्याय भने पाइएन,' स्थानीयले भने, 'उनी निरास भएर यो बाटो रोज्न पुगे ।' स्थानीयका अनुसार राज्य संयन्त्रले सुन्न नसकेको चित्कारले नै अन्ततः मुखियालाई प्रहरीको आँगनमै यस्तो कठोर कदम चाल्न बाध्य बनाएका हो ।
उनका आफन्तले भने, 'बैंकले थिच्यो, प्रशासनले हेप्यो, अदालतले हेरेन । अब यस्तो अवस्थामा भूइँमान्छेले कहाँ जाने ?'
घटनापछि पीडित परिवारले बैंकका जिम्मेवार अधिकारी, प्रक्रिया रोक्न असफल प्रशासन र बेवास्ता गरेको भनिएको प्रहरीमाथि छानबिन गर्न माग गरेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीले आत्मदाह प्रयास रोकिएको पुष्टि गर्दै घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ । मलंगवामा भएको यो घटनाले आर्थिक शोषणबाट पीडित सर्वसाधारणको पीडा, राज्यका संयन्त्रको निष्क्रियता र बैंकिङ्ग प्रणालीप्रति गम्भीर प्रश्न उठाएको छ ।

# एमाले महाधिवेशनमा मधेशबाट ओलीलाई पोखरेलले टक्कर दिने सम्भावना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेको ११औँ महाधिवेशन नजिकिँदै जाँदा मधेशको राजनीतिक वातावरण बाहिरबाट हेर्दा निकै शान्त, स्थिर र विवादरहित देखिन्छ । तर भित्र माहौल धेरै नै तातिएको छ । मधेशका अधिकांश नेता–कार्यकर्ताहरू खुलेर बयान नदिए पनि उनीहरूको गतिविधि, छलफल र संगठनभित्रको गति–विधिले एमालेको यसपटकको महाधिवेशनलाई निकै रोचक र अनिश्चित बनाएको छ ।
विगतका महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली लगभग निर्विरोध शैलीमै अध्यक्ष बन्दै आएका थिए । पार्टीभित्रका मतभिन्नताहरू पनि प्रायः औपचारिक रूपमा कैद भइसकेका हुन्थे । तर यसपटक परिस्थितिले नयाँ मोड लिएको छ—ओलीकै निकट, लामो समयसम्म उनको 'विश्वासपात्र' मानिएका ईश्वर पोखरेले अलग्गै शक्ति–वृत्त खडा गर्दै नेतृत्व परिवर्तनको अभियान चलाएका छन् । पोखरेलले प्रदेशस्तरीय संगठनदेखि केन्द्रसम्म सुधार र पुनर्संरचनाको आवश्यक्ता जोडदार रूपमा उठाइरहेका छन्, जसले विशेषगरी मधेशमा गहिरो प्रभाव छोड्न थालेको देखिन्छ ।
मधेशमा ओली–पोखरेल प्रतिस्पर्धा खासै ठूलो स्वरमा सार्वजनिक छैन । तर दुवै पक्षका प्रतिनिधि, संयोजक,


बाँकी पृष्ठ २ मा

# मानवअधिकारमा राजनीति मिसिए विषाक्तः प्रधानन्यायाधीश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले मानवअधिकारका विषयलाई राजनीतिबाट अलग राखिनुपर्ने बताएका छन् । जनकपुरधाममा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा नेपाल बार एसोसिएसनले आयोजना गरेको दुई दिवसीय राष्ट्रिय मानवअधिकार गोष्ठीको उद्घाटन गर्दै प्रधान न्यायाधीश राउतले मानव अधिकारका विषयमा राजनीति मिसिन नहुने बताए ।
उनले पछिल्लो समय मानव अधिकारका विषय अत्यन्त जटिल, पेचिलो तथा संवेदनशील बन्दै गइरहेको बताए । त्यसैले मानवअधिकारका विषयमा राजनीतिले प्रवेश पायो कि भन्ने शंका उपशंका उब्जिन थालेको उनको भनाई थियो । प्रधान न्यायाधीश राउतले मानवअधिकारमा राजनीति मिसिए विषाक्त बन्ने बताए । राजनीतिको विषाक्त

बाँकी पृष्ठ २ मा



# खानेपानीको चरम सङ्कट भएका भगवतीमाई गाउँपालिकाका तीन वडामा खानेपानी सुविधा

**दैलेख ।**
खानेपानीको चरम सङ्कट भएका भगवतीमाई गाउँपालिकाका विभिन्न तीन वडामा चार खानेपानी योजना सम्पन्न भएका छन् । यसबाट भगवतीमाई १, ३ र ४ वडामा 'एकघर एक धारा'को सुबिधा पुगेको छ । ती वडाका करिव १९६ घरधुरीका एक हजार १८४ स्थानीयवासी लाभान्वित भएका छन् ।

ब्रिटिस रेडक्रस र स्वीस रेडक्रसको संयुक्त आर्थिक एवं प्राविधि सहयोगमा नेपाल रेडक्रस दैलेख शाखाले भगवतीमाई गाउँपालिकासँगको सहकार्य र साझेदारीमा यहाँ सञ्चालित 'सामुदायिक स्वास्थ्यका लागि एकीकृत पहल परियोजना'ले ती वडामा खानेपानीको सुविधा पु¥याउन सहयोग गरेको हो ।

भगवतीमाई गाउँपालिका–३ का वडाध्यक्ष मानबहादुर खड्काकाले वडावासीले पानी लिन धेरै टाढा जानुपर्ने अवस्था अन्त्य भएको जानकारी दिए ।

उनले भने, 'कँुवाका दूषित पानीका कारण बिरामी भएर स्वास्थ्यचौकी धाउनुपर्दथ्यो । यस्तो अवस्था अन्त्य भएको छ ।' उनका अनुसार सो परियोजना र गाउँपालिकाको सहकार्यमा भक्रमुल सिस्नेरी खानेपानी तथा सरसफाइ योजना सम्पन्न भएसँगै वडाका ९४ घरमा 'एक घर एक धारा' निर्माण भएको छ ।

यसबाट अति विपन्न समुदायका स्वच्छ खानेपानीको पहुँच पुगेको छ । परियोजनाले उपभोक्तालाई खानेपानीका मुहान दर्ता गर्नसमेत सहजीकरण गरेको थियो । निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुले कार्यालय व्यवस्थापन, खानेपानी सुुरक्षा योजना लागू गर्नुको साथै नियमित रुपमा पानी महसुल सङ्कलन गरिहेको छन् ।

साथै परियोजनाले ती वडाका २४ अति विपन्न घरधुरीहरुलाई शौचालय निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग, विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरु निर्माण गर्नुको साथै तीन तारे विद्यालय घोषणा गर्न, गाउँपालिकाको कार्यालय र छ वटा स्वास्थ्य संस्थाहरुमा पानीको गुणस्तर परीक्षण केन्द्र स्थापना गर्न सहयोग तथा सहजीकरण गरेको थियो ।

भगवतीमाई गाउँपालिका–१ का वडाध्यक्ष मानबहादुर खड्काले परियोजनाको सहयोगमा खानेपानी तथा सरसफाइ योजनाका सम्वन्न भएसँगै वडामा फोहर सङ्कलन तथा व्यवस्थापन केन्द्र प्रयोगमा आएको जानकारी दिए । उनले भने, 'विपन्न समुदायलाई खानेपानीको सुविधा पु¥याउन 'सामुदायिक स्वास्थ्यका लागि एकीकृत पहल परियोजना'ले महत्वपूर्ण सहयोग गरेको छ ।'

भगवतीमाई गाउँपालिका–४ का वडाध्यक्ष देवलोक अधिकारीले खानेपानी लिन टाढाटाढा जानुपर्ने अवस्थामा केही सुधार भएको जानकारी दिँदै खानेपानीको हुँदा महिलाको समयमा बचत भएको छ भने ।

उनले भने, 'स्वास्थ्य आमा समूह, विद्यालय तथा समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छताका विविध विषयहरुमा नेपाल रेडक्रसले महत्वपूर्ण सहयोग गरेको छ ।'रासस

# 'बर्थिङ सेन्टर' त छ टाढा छ, गर्भवतीलाई 'स्ट्रेचर'मा लैजानुपर्छ, बोक्ने पुरुष पाइन्न

**दैलेख ।**
भगवतीमाई गाउँपालिका–३ स्थित मेलतोलीकी अमृताकुमारी खड्काले यही मङ्सिरको दोस्रो हप्ता दोस्रो सन्तानलाई जन्म दिईन । पैतीस वर्षीया खड्का घरको दोस्रो तल्लामा भेटिँदा नवजात शिशुलाई काखमा च्यापेर अगेनाको राप तापिरहेका थिईन । छ वर्षीया छोरी उनकै अगाडि लुटपुटिरहेकी थिइन् । गर्भावस्थादेखि सुत्केरी नहुञ्जेलसम्म दुःख र पीडा भयो होला नि ? जिज्ञासा झर्न नपाउँदै उहाँले भन्नुभयो, "महिला, यसमाथि गर्भावस्था, यसमा सुत्केरी हुँदा नपाएको दुःख र कष्ठ कहिले पाउनु ? प्रसव पीडा बिना नयाँ सृष्टि कहाँ हुन्छ ?" जवाफ दिइरहँदा उनको अनुहारमा चमक पनि देखियो । छोरा जन्मिएकाले खुसी भएको ? भन्ने जिज्ञासामा उनले भनिन, 'होइन होइन । अहिले जमानामा छोराले भन्दा छोरीले पाल्दछन् । नानीबाबुमा केही फरक छैन । नानी जन्माउनभन्दा बाबु पाउन सजिलो भयो भनेर । खासै पीडा भएन भनेर ।'

उनि आफ्ना सुत्केरी हुँदाका पीडा सुनाउनभन्दा स्वास्थ्य आमा समूह र महिला स्वयंसेविकाले गरेका सहयोग सुनाउन आतुर देखिन्थिन् । स्वास्थ्यकर्मीले दिएको निर्धारित मितिभन्दा करिब १५ दिन अगाडि नै उनि सुत्केरी भएको थियो । अमृतालाई सुत्केरी व्यथाले च्याप्ने बित्तिकै उनका पति निर्मल खड्काले छिमेकीको सहायताले 'स्ट्रेचर'मा बोकेर घरभन्दा करिब एकघण्टा टाढाको स्वास्थ्य संस्था (बर्थिङ सेन्टर)मा पु¥याएका थिए । निर्मलले भने, 'गर्भवतीलाई 'स्ट्रेचर'मा बोक्नुको अर्को विकल्प यहाँ छैन । बर्थिङ सेन्टर त छ टाढा पर्छ ।सेवा त ठीकै छ ।'

अमृतालाई गाउँका महिला स्वयंसेविकाले अमृता गर्भावस्था भएदेखि सुत्केरी नहुञ्जेलसम्म ख्याल गरिरहे । उनले भने, 'आज पनि तपाईं आउनुअघि स्वयंसेविकाको आएका थिए । मलाई र बाबु (शिशु)लाई केही समस्या भएको छ कि छैन भनेर सोधेका थिए । मैले ठीकै छ भनिदिए । उनि गए । स्वयंसेविकाका सबै सल्लाह मानेका कारणले गर्भावस्थादेखि सुत्केरी हुन सजिलो भयो । श्रीमान्ले भन्दा महिला स्वयंसेविकाले ख्याल गर्दछन् । प्रसव पीडा हराइसक्यो । भुलिसकियो । सम्झेर पनि के गर्नु र ?'

गाउँका गठन भएका स्वास्थ्य आमा समूह र महिला स्वयंसेविका गर्भवती एवं नवजात शिशुको स्याहार गर्न प्रायः साँझ बिहान तल्लीन छन् । कतिपय अवस्थामा उनीहरुले नै गर्भवतीलाई 'स्ट्रेचर'मै बोकेर बर्थिङ सेन्टरमा लैजानुपर्ने अवस्था यहाँ विद्यमान छ । हालसम्म गाउँमा एम्बुलेन्स छैन । गाउँका युवा र अन्य पुरुष कामको खोजीमा अन्यत्र गएकाले यहाँ स्वास्थ्य आमा समूह र महिला स्वयंसेविका नै गर्भवतीका लागि भरोसा बनेका हुन् । भगवतीमाई गाउँपालिका–३ का वडाध्यक्ष मानबहादुर खड्काका अनुसार गाउँपालिकाभर ८१ स्वास्थ्य आमा समूह क्रियाशील छन् ।

उनि भन्छन, 'पुरुष घर नभएका अवस्थामा स्वास्थ्य आमा समूह र महिला स्वयंसेविकाले गर्भवतीलाई 'स्ट्रेचर'मै बोकेर बर्थिङ सेन्टरमा लैजानुपर्ने अवस्था छ । यसमा सुधार ल्याउन 'एम्बुलेन्स' को व्यवस्थापन गर्न पहल गरिराखेका छौँ । 'गर्भावस्थादेखि सुत्केरीपश्चात् स्वास्थ्य आमा समूह र स्वयंसेविकाले कसरी हेरचाह गर्दछन्' भन्ने कुराको सिकाइ रातामाटा बन्न सक्छ ।'

स्वास्थ्य आमा समूहको मुख्य काम नै गर्भवती र पाँच वर्षमुनिका बालबालिकाको जीवन रक्षा गर्न सहजीकरण गर्नु नै हो । यसका लागि 'सामुदायिक स्वास्थ्यका लागि एकीकृत पहल परियोजना'ले सेतुको काम गरिराखेको छ । ब्रिटिस रेडक्रस र स्विस रेडक्रसको संयुक्त आर्थिक एवं प्राविधि सहयोगमा नेपाल रेडक्रस दैलेख शाखाले भगवतीमाई

गाउँपालिकासँगको सहकार्य र साझेदारीमा सो कार्यक्रम कार्यान्वयन गरिराखेको हो ।

महिला स्वयंसेविका पानसरा खड्काले भनिन, 'पछिल्लो समय गाउँमा घरमै सुत्केरी हुनेको सङ्ख्या शून्यमा छ । गर्भावस्था, सुत्केरीपश्चात् आमा र नवजात शिशुको मृत्यु यहाँ भएको छैन । सुत्केरी हुनेक्रममा जटिलता भएर केही गर्भवतीको मात्र हवाई उद्धार भएको छ । हामी यो अवस्था पनि नआओस् भनेर काम गरिरहेका छौँ । व्यवहार परिवर्तलाई जोड दिइराखेका छौँ । गर्भवती र पाँच वर्षमुनिका बालबालिकाको जीवन कसरी रक्षा गर्न हामी घरघरमा सचेतनाका काम गर्दछौँ ।'

'सुरक्षित मातृत्व कोष'
गाउँका गर्भवती र पाँच वर्षमुनिका बालबालिकाको हेरचाहका लागि स्वास्थ्य आमा समूहले छुट्टै 'सुरक्षित मातृत्व कोष' स्थापना गरेका छन् । यो कोषमा सो परियोजनाले रु पाँच हजार सहयोग गरेको छ । यसमा समूहले पाँच हजार थप गरेर १० हजार रुपैयाँ बनाएका छन् । भगवतीमाई–३ कि महिला स्वयंसेविका अमृता खड्काले भनिन, 'गर्भवती र पाँच वर्षमुनिका बालबालिकालाई विपद्मा कोषबाट सहयोग हुने गरेको छ । कतिपय अवस्थामा 'स्ट्रेचर' बोक्ने पुरुष गाउँमा पाइन्न । अस्पताल त छ टाढा छ । अझै गर्भवती बाटोमा नै सुत्केरी हुनुपर्ने अवस्था छ । महिलाले नै 'स्ट्रेचर'मा बोकेर स्वास्थ्य संस्थामा लैजानुपर्ने अवस्था छ । गाउँमा एम्बुलेन्स छैन । यस्तो अवस्थामा सहयोग गर्न कोष बनाएका हौँ । कोषबाट अप्ठ्यारो पर्नेलाई सहयोग गर्ने गरेको छौ ।'

नेपाल रेडक्रस सोसाइटीका जिल्ला सभापति निरञ्जन खत्रीले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि गाउँपालिकाअन्तर्गतका सात स्वास्थ्य संस्थालाई आवश्यक स्वास्थ्य सामग्री तथा उपकरण सहयोग गरिएको जानकारी दिए । उनले भने, 'परियोजनाले गाउँपालिकाको सहकार्यमा गाउँ घर क्लिनिक तथा खोप केन्द्र भवनको निर्माण, दुईवटा स्वास्थ्यचौकीको मर्मत तथा खानेपानी र सरसफाइका सुविधा, स्वास्थ्यकर्मीका लागि नवजात शिशुको हेरचाह तथा मातृ तथा नवजात शिशु स्वास्थ्यका लागि 'अनसाइट कोचिङ' सञ्चालन गरेको छ । स्वास्थ्य आमा समूह, विद्यालय तथा समुदायमा प्रजनन स्वास्थ्य, नवजात शिशु स्वास्थ्य, बाल तथा किशोर स्वास्थ्य, पोषण, यौन तथा प्रजननन स्वास्थ्य अधिकार, महिनावारी स्वच्छता जस्ता विषयहरुमा छलफल तथा अभिमुखीकरण गरिएका छन् ।'

परियोजनाका जिल्ला संयोजक शैलेश श्रेष्ठले विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनलाई एकीकृत गरी समुदायका विभिन्न तहमा स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्र्धनमार्फत समुदायको सकारात्मक व्यवहार परिवर्तन गर्न गाउँपालिकासँगको समन्वयमा विभिन्न विभिन्न गतिविधि सम्पन्न भएको जानकारी दिए । उनले भने, 'यस्ता गतिविधिबाट समुदायका व्यक्तिहरुको स्वास्थ्यमा सुधार ल्याउने काम छ ।'रासस

# लुम्बिनी दोस्रो क्वालिफायरमा प्रवेश काठमाडौँ बाहिरियो

**काठमाडौँ ।**
लुम्बिनी लायन्स नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो क्वालिफायरमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट रङ्गशालामा बुधबार सम्पन्न इलिमिनेटर खेलमा काठमाडौँ गोर्खाजलाई चार विकेटले हराउँदै लुम्बिनी क्वालिफायरमा प्रवेश गरेको हो । काठमाडौँ भने बाहिरिएको छ । जितका लागि पाएको ११२ रनको लक्ष्य लुम्बिनीले १७.४ ओभरमा ६ विकेटको क्षतिमा भेट्टायो । जसमा डार्सी सर्टले सर्वाधिक ३३ रनको योगदान गरे । काठमाडौँका सन्तोष यादवले दुई विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको काठमाडौँले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटियो । काठमाडौँका लागि सन्तोष यादवले सर्वाधिक २३ रनको योगदान दिए । उनले १७ बलमा एक छक्काको सहयोगमा २३ रन जोडेका हुन् ।

त्यसैगरी, जोन सिमसन र मोहमद आदिल आलमले समान १८–१८ रन जोडे भने भीम सार्कीले १४ रन बनाए । कप्तान करण केसी नौ रनमा आउट भए । काठमाडौँलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका शेर मल्ल र कप्तान रोहित पौडेलले समान तीन–तीन विकेट लिए । यस्तै ट्रम्पलम्यानले दुई विकेट लिए भने अभिशेष गौतमले एक विकेट झारे । लुम्बिनीले अब विराटनगर किंग्ससँग दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछ । दोस्रो क्वालिफायरको विजेताले फाइनलमा मङ्सिर २७ गते सुदूरपश्चिम रोयल्ससँग खेल्नेछ ।

# केडियाको ९०औँ जन्मजयन्तीमा 'उल्लास'

**मधेशदृष्टि**
**वीरगंज ।**
डीएभी केडिया स्कुलले दिवंगत शङ्करलाल केडियाको ९०औँ जन्मजयन्तीको अवसरमा आयोजना गरेको 'उल्लास' ३२औँ वार्षिक दिवस समारोह बुधबार भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले विद्यालयहरूले ज्ञान मात्र होइन, मानवीय मूल्य, अनुशासन र संस्कार प्रदान गर्छन् भने । कार्यक्रममा विद्यार्थीहरूले गायन, नाटक, नृत्य, थिमेटिक सांस्कृतिक झाँकी, देशभक्तिपूर्ण प्रस्तुतिलगायत पेश गरेका थिए । स्कुलका प्रिन्सिपल राकेश मिश्राको उपस्थितिमा सम्पन्न कार्यक्रममा विभिन्न संघसंस्थाका पदाधिकारी, अभिभावक, समाजसेवी तथा उद्योगी–व्यापारीको उल्लेखनीय सहभागिता थियो ।

# बिउ–बिजन व्यापारिक प्रतिष्ठानमा छापा

**मधेशदृष्टि**
**बारा ।**
नेपाल सल्ट ट्रेडिङ कर्पोरेशन वीरगंजको अनुगमन टोलीले कलैया बजारका विभिन्न खाद्य तथा बिउ–बिजन व्यापारिक प्रतिष्ठानमा छापा मारेको छ । कर्पोरेशनका प्रमुख अमोद लामिछानेको नेतृत्वमा गरिएको अनुगमनका क्रममा बजारका १० वटा पसलमा पोटास अनुमति बिना बिक्री गरेको, किसानसँग तोकिएको भन्दा बढी मूल्य लिएको तथा बिल–भाउजस्ता आवश्यक कागजात नबनाई व्यापार गरेको जस्ता अनियमितता भेटिएको टोलीले जनाएको छ । लामिछानेका अनुसार अनियमितता भेटिएका व्यापारीहरूविरुद्ध आवश्यक कानूनी प्रक्रिया शुरु गरिएको छ । उनले बजारमा खाद्य सामग्री र बिउ–बिजनको मूल्य, मापदण्ड तथा आपूर्ति व्यवस्थालाई पारदर्शी बनाउन नियमित अनुगमन जारी रहने बताएका छन् ।

# २५० थान न्यानो कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा लायन्स क्लब अफ कलैया बाराले सञ्चालन गर्दै आएको निशुल्क कपडा बैंकमार्फत २ सय ५० थान न्यानो कपडा वितरण गरिएको छ । सदरमुकाम कलैयामा आयोजित विशेष कार्यक्रममा कपडा वितरण कार्य सफलतापूर्वक सम्पन्न भएको क्लबले जनाएको छ ।

कार्यक्रमका संयोजक लायन विजय जयस्वाल र क्लबका अध्यक्ष अधिवक्ता लायन सूर्यजीत सिंहले कपडा बैंकका संरक्षक साजिर मन्सूरलाई न्यानो कपडा हस्तान्तरण गर्दै वितरण अभियानको औपचारिक शुभारम्भ गरेका थिए । संयोजक जयस्वालका अनुसार आर्थिक रूपमा कमजोर, विपन्न तथा सहयोग आवश्यक समुदायलाई जाडो मौसमका लागि अत्यावश्यक ज्याकेट, स्वेटर, टोपी, मोजा लगायतका न्यानो कपडा उपलब्ध गराइएको छ । उनका अनुसार मानव अधिकार दिवसले बोकेको समानता, सहयोग र मानवीय संवेदनशीलताको सन्देशलाई व्यवहारमै उतार्नु नै अभियानको उद्देश्य रहेको छ ।

# मानवअधिकारमा राजनीति मिसिए ...

चंगुलबाट मानवअधिकारलाई अलग राख्नुपर्नेमा प्रधान न्यायाधीश राउतले जोड दिए । भदौ २४ गतेको आन्दोलनक्रममा अदालत तथा अदालतका मिसिल मात्रै नजलेको बताउँदै उनले त्यो आन्दोलनमा नेपाली जनताको इतिहासका साथै नेपाली जनताको सम्पत्ति जलेको बताए ।

'यद्यपि हामीहरु अझै विचलित भएका छैनौँ,' उनले भने, 'मिसिलहरु जलाइए तर हाम्रो इमान र निष्ठा अझै खरानी भएको छैन ।'

कार्यक्रममा महान्यायाधीवक्ता सविता बरालले मानवअधिकार सुनिश्चितता भए मुलुकमा सुशासन स्थापित हुने र यसले न्याय निरुपणमा मद्दत पुग्ने बताइन् । उनले मानवअधिकारका लागि सुशासन पहिलो सर्त रहेको बताउँदै यसका लागि न्याय क्षेत्रमा पारदर्शीता तथा जवाफदेही बन्नु जरुरी रहेको बताइन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्राध्यापक डा. विजय प्रसाद मिश्रले सुशासन तथा विधिको शासनविना मानवअधिकारको कल्पना गर्न नसकिने बताउँदै जेन्जी पुस्ताको आन्दोलनको भावनालाई वैधानिकीकरण गर्न संविधान संशोधन जरुरी रहेको बताए ।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष एवम् वरिष्ठ अधिवक्ता शम्भु थापाले परम्परागत मूल्य र मान्यताले मानवअधिकारको रक्षा गर्न कठिन हुने बताए । नेपाल बार एसोसिएसन जनकपुरधाम शाखाको आतिथ्यमा भएको कार्यकारिणी परिषद् बैठकमा निवर्तमान अध्यक्ष गोपालकृष्ण घिमिरेसहितका वक्ताहरुले मन्तव्य दिएका थिए ।

बिहीबारसम्म चल्ने परिषद् बैठकमा ७७ जिल्लाका परिषद् सदस्य, जिल्ला अध्यक्ष तथा सचिवसहित ५ सय कानून व्यवसायीको सहभागिता छ । बिहीबार जनकपुरधाम घोषणापत्र जारी गरेर समापन गरिनेछ ।

श्री महाप्रबन्धक ज्यू,
नेपाल राष्ट्र बैंक
शाखा कार्यालय, जनकपुरधाम

**सार्वजनिक सूचना**

**विषय : प्रतिलिपि उपलब्ध गराई दिने सम्बन्धमा ।**

RD016821701NP
RD015214665NP
RD015579144NP
RD111799037N
RD800748798N
RD690882014N
RI128140629NP
RD797554463NP
791084228
RD786930296NP
RD127183866NP
RD786273895NP

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८
९८१७६३४३७८

# एमाले महाधिवेशनमा मधेशबाट ओलीलाई पोखरेलले टक्कर दिने...

क्षेत्रीय नेताहरूले चुपचाप आफ्ना लाइन व्यवस्थित गरिरहेकाले सतहमा खासै केही देखिएको छैन । ओली पक्षले 'अनुभव, निरन्तरता, वैचारिक स्थिरता र राष्ट्रिय राजनीति निर्देशन क्षमताको निरन्तरता'लाई मुख्य मुद्दा बनाइरहेको छ । उता पोखरेल पक्षले 'अनुशासन, नैतिकता, पार्टीभित्रको कार्यशैली, संगठनात्मक कमजोरीको मूल्यांकन र सुधार'लाई केन्द्रमा राखेर नेतृत्व परिवर्तनको वकालत गरिरहेको छ । यसबीच मधेशका पदाधिकारी आकांक्षीहरूको संख्या उल्लेख्य रूपमा बढेको छ । विगत महाधिवेशनमा मधेशबाट केवल रघुवीर महासेठ सचिव बनेका थिए । अब महासेठ स्वयम् उपाध्यक्षतिर उक्लिने चाहनामा छन् । उनको मौनता र मधेशमा रहेको व्यापक सम्बन्ध दुवै पक्षका लागि अत्यन्त संवेदनशील विषय बनेको छ । महासेठले खुला रूपमा कुनै खेमा घोषणा नगरे पनि पोखरेल र ओली दुवै पक्ष उनलाई आफ्नो पक्षमा ल्याउने पर्खाइमा छ । मधेश इन्चार्ज लीलानाथ श्रेष्ठ सचिवका आकांक्षी छन् र ओली खेमामा सक्रिय रूपमा देखिन्छन् । सप्तरीका सुमन प्याकुरेल पनि सचिवकै लागि उभिएका छन् । पोखरेल पक्षले मधेशमा प्रभाव जमाउन पुरुषोत्तम पौडेललाई अगाडि सारेको छ, जसले 'सुधारवादी लाइन'लाई मधेशमा स्थापित गर्ने प्रयास गरिरहेका छन् । पूर्वमन्त्री जुलीकुमारी महतो पनि पदाधिकारीतर्फ आकर्षित देखिए पनि उनले अन्तिम निर्णय सार्वजनिक गरेकी छैनन् । विधान संशोधनले केन्द्रीय कमिटीको आकार घटाइ दिएको हुँदा मधेशबाट प्रतिनिधित्व घट्ने लगभग निश्चितजस्तै छ—यसैले पदाधिकारी दाबी झनै तीव्र बनेको हो ।

तर सबैभन्दा महत्वपूर्ण र निर्णायक शक्ति भनेको मौन कार्यकर्ता समूह हो । मधेशमा करिब ३५–४० प्रतिशत कार्यकर्ता ओली पक्षमा खुला रूपमा उभिएका छन् । ३०–३५ प्रतिशत पोखरेल पक्षमा सक्रिय छन् । तर बाँकी २०–२५ प्रतिशत कार्यकर्ता पूर्ण मौन छन् । यी कार्यकर्ताहरूको झुकाव खुला नभएकाले दुवै खेमामा अनिश्चितताको दबाब तीव्र छ । महासेठ जस्ता महत्वपूर्ण नेताहरू पनि यही मौन समूहमै परेको हुँदा दुवै पक्षले 'मौन शक्ति' आफ्नो पक्षमा पार्न आन्तरिक रूपमा निकै सक्रिय कूटनीति गरिरहेका छन् ।

पछिल्लो समय मधेश सरकारमा एमालेले खेलेको भूमिकाबारे आलोचना हुँदै आएको छ । अन्य दलसँगको समीकरण, जनमतमा आएको असन्तुष्टि, स्थानीय तहमा देखिएको असहजता र फागुन २१ गतेको निर्वाचनको प्रभावले पनि धेरै नेता–कार्यकर्ता खुलेर अभिव्यक्ति दिन हिच्किचाइरहेका छन् ।

पार्टीका मधेश सचिव मनोज पौडेल मधेशबाट पदाधिकारी आकांक्षा बढ्नु सकारात्मक संकेत भएको बताउँछन् । उनका अनुसार, मधेशले पछिल्लो निर्वाचनमा प्रतिनिधिसभा र प्रदेश दुवैतर्फ एमालेलाई बलियो आधार बनाइदिएको थियो । यसपटक महाधिवेशनकै माध्यमबाट मधेशको प्रतिनिधित्व र संगठनात्मक उपस्थिति अझ सुदृढ गर्नुपर्ने उनको अभिमत छ । उनले धेरै सचिव पद आकांक्षी भएकाले समायोजन आवश्यक रहेको उल्लेख गर्दै अन्तिम प्यानल घोषणा नभएसम्म 'खेमा परिवर्तन' सम्भावना खुला रहने बताए ।

मधेशमा अहिले सतहमा शान्त छ । तर त्यस भित्र अकांक्षा, रणनीति, असन्तोष र परिवर्तनको मिश्रण छ । महाधिवेशन नजिकिँदै जाँदा मौन कार्यकर्ताहरू कुन दिशामा उभिन्छन्—यही एउटा प्रश्नले एमालेको भविष्यको शक्ति–सन्तुलन निर्धारण गर्नेछ ।



नगर प्रमुख साहको सम्बोधनः जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह नेपाल बार एसोसिएसनले बुधबार जनकपुरधाममा आयोजना गरेको मानव अधिकारसम्बन्धी राष्ट्रिय गोष्ठी–२०८२ तथा ५१औँ केन्द्रीय कार्यकारिणी परिषद्को बैठकमा मन्तव्य राख्दै । तस्बिरः रासस

# सङ्घीय सरकारको आधारभूत अस्पताल बनाउने योजना महत्वाकाङ्क्षी

**हिमाल लम्साल**
**वीरगंज ।**
सङ्घीय सरकारले २०७७ सालमा पहिलो चरणमा पर्साका चार पालिकासहित मुलुकभरका ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने योजना अघि सा¥यो । योजनामा पालिकाको क्षमताअनुसार क्रमशः पाँच, १० र १५ श्यया क्षमताका आधारभूत अस्पताल दुई वर्षभित्रै सम्पन्न हुने गरी बनाउने घोषणा गरिएको थियो ।

घोषणाअनुसार पर्सा जिल्लामा चार आधारभूत अस्पताल निर्माण हुनुपर्नेमा अहिलेसम्म भने एउटा अस्पताल मात्रै सञ्चालनमा आएको छ । बाँकी तीन आधारभूत अस्पतालको निर्माण कहिले सकिने अझैसम्म पनि टुङ्गो लागेको छैन ।

पटेर्वा सुगौली गाउँपालिकामा १० श्ययाको आधारभूत अस्पताल सञ्चालनमा आइसकेको छ भने यहाँको ठोरी गाउँपालिकामा निर्माणाधीन १५ श्ययाको अस्पताल निर्माण अझैसम्म पूरा भएको छैन । ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले पालिकामा निर्माण गर्ने १५ श्ययाको अस्पतालको काम पूरा नभएको बताए ।

'आधारभूत अस्पतालको भवन मात्रै ठडिएको छ,' उनले भने, 'झ्याल–ढोका, खानेपानीका पाइपलगायतका काम तथा अत्यावश्यक पूर्वाधारका संरचना अझैसम्म पनि तयार भएका छैनन्,' उनले भने, 'निर्माण कम्पनीले बजेट अभाव देखाउँदै बाँकी रहेको काम सम्पन्न गर्ने तदरुपता देखाइरहेको छैन ।' आफूहरुले आधारभूत अस्पतालको भवन सम्पन्न गराउनको लागि पटकपटक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पहलकदमी गरे पनि अहिलेसम्म उपलब्धि नभएको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

अध्यक्ष श्रेष्ठले अस्पताल भवन निर्माण सम्पन्न नगर्ने निर्माण कम्पनीविरुद्ध कालोसूचीमा राख्नका लागि सिफारिस गर्ने चरणमा पुगेको बताए । 'आधारभूत अस्पताल भवन सम्पन्न गर्न अझै पनि दुई करोडभन्दा धेरै खर्च लाग्ने देखिन्छ,' उनले भने ।

अध्यक्ष श्रेष्ठले आधारभूत अस्पताल भवन तत्कालै निर्माण सम्पन्न भए सेवाग्राही लाभान्वित हुने बताए । ठोरीको मात्रै नभएर यहाँका अन्य दुई पालिकामा पनि आधारभूत अस्पतालको प्रगति उत्साहजनक छैन । धोबिनी गाउँपालिकामा निर्माणाधीन १५ श्ययाको आधारभूत अस्पताल निर्माणमा ढिलासुस्ती भएको छ । सो अस्पतालको प्रगति २५ प्रतिशत मात्रै छ ।

त्यस्तै, जिराभवानीमा निर्माणाधीन १० श्ययाको अस्पतालको पनि प्रगति २० प्रतिशतभन्दा अघि बढ्न सकेको छैन । सङ्घीय सरकारले अघि सारेको आधारभूत अस्पतालमध्ये पर्साको पटेर्वासुगौली गाउँपालिकामा भने १० शैयाको आधारभूत अस्पताल भवन निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेको छ । पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेशकुमार चौधरीले आफूहरुको निरन्तरको पहलकदमीका कारणले आधारभूत अस्पताल सम्पन्न गरेर सेवा प्रवाह गर्न सकेको बताउँछन् ।

'हाम्रो पालिकामा पनि १० श्ययाको आधारभूत अस्पताल सम्पन्न गराउन विभिन्न खालका बाधा अड्चन त आएका थिए । हाम्रो निरन्तर पहलकदमी र समन्वयकै कारणले अस्पतालको भवन निर्माण सम्पन्न गराएर अहिले नियमित रुपमा स्वास्थ्य सेवा उपलब्ध हुँदै आइरहेको छ ।'

अहिले पटेर्वासुगौलीको आधारभूत अस्पतालमा एक एमबिबिएस उत्तीर्ण गरेका चिकित्सकसहितको स्वास्थ्यकर्मीले स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् ।

अध्यक्ष चौधरीले पालिकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्य सरकारी निकायसँग समन्वय तथा सहकार्य गरेर अस्पतालमा विभिन्न स्वास्थ्य उपकरणसहितको भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्दै आइरहेको दाबी गरे ।

'पालिकाले अब आन्तरिक स्रोतबाटै एक चिकित्सकलाई राख्ने तयारीमा जुटिरहेका छौँ,' उनले भने, 'दुई जना चिकित्सक भएको खण्डमा स्वास्थ्य सेवा प्रवाह गर्न सहज हुनेछ ।'

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मङ्सिर १५ गते पहिलो चरणमा मुलुकभरका ३ सय ९६ पालिकामा पाँचदेखि १५ श्ययाको अस्पताल निर्माणको एकसाथ शिलान्यास गर्नुभएको थियो । त्यसबेला ३ सय ९६ अस्पताल दुई वर्षभित्रै निर्माण सम्पन्न गर्ने बताइएको थियो । सङ्घीय सरकारले पहिलो र दोस्रो चरणमा गरेर मुलुकभरमा रहेका ७ सय ५३ पालिकामध्ये ६ सय ५७ वटा पालिकामा आधारभूत अस्पताल निर्माण गर्ने योजना अघि सारेको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा कृष्ण पौडेलले सङ्घीय सरकारले दुई चरणमा गरेर मुलुकभरका ६ सय ५७ पालिकामा आधारभूत अस्पताल निर्माण गर्ने योजनामध्ये अहिलेसम्म ८७ वटा आधारभूत अस्पताल निर्माणको काम सम्पन्न भइसकेको बताए ।

'छ सय ५७ आधारभूत अस्पतालमध्ये हालसम्म चार ४ सय २७ वटा अस्पतालको ठेक्का सम्झौता भइसकेको छ,' उनले भने, 'बाँकी रहेका २ सय ३० वटा अस्पतालको अहिलेसम्म पनि ठेक्का व्यवस्थापनको काम हुन सकेको छैन ।'

प्रमुख पौडलका अनुसार २ सय ३० पालिकामा आधारभूत अस्पताल निर्माणका लागि जग्गाप्राप्ति र अस्पताल कहाँ निर्माण गर्ने भन्ने ठाउँ विवादले ठेक्का व्यवस्थापनको काम अघि बढ्न नसकेको बताए । 'दुई चरणका आधारभूत अस्पताल निर्माणका लागि गरेर ९२ अर्ब रुपैयाँ लाग्ने अनुमान गरेका छौँ,' उनले भने, 'हालसम्म करिब ३२ अर्ब रुपैयाँ भन्दा धेरै रकम खर्च भइसकेको छ ।'

सरकारले चालु आर्थिक वर्षसम्म १ सय ६ आधारभूत अस्पताल निर्माण सम्पन्न हुने लक्ष्य राखेको छ । चालु आवमा आधारभूत अस्पताल निर्माणका लागि ६ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ । महाशाखा प्रमुख पौडेलले ठेक्का सम्झौता भएर काम सुरुआत भएका आधारभूत अस्पताल निर्माण गर्ने काम भइरहेको बताए । ठेक्का व्यवस्थापन नभएका आधारभूत अस्पतालको प्रक्रिया अघि बढ्न नसकिरहेको उनले बताए ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका स्थानीय तह समन्वय शाखाका शाखा अधिकृत प्रकाश पन्थीले आधारभूत अस्पताल निर्माणको भौतिक प्रगति र सञ्चालन भएका अस्पतालको विवरणलाई व्यवस्थित गर्न 'सिस्टम डिजाइन'को काम अघि बढिरहेको जानकारी दिए । विसं २०८२ वैशाख ८ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीस्तरको निर्णयबाट आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१ समेत स्वीकृत भइसकेको छ ।

मापदण्डमा स्थानीय, प्रदेश र सङ्घ सरकारको समन्वयमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने उल्लेख गरिएको छ ।

सङ्घीय सरकारले निर्माण सम्पन्न भएका अस्पतालको संलग्न नमुना दरबन्दी तेरिजका आधारमा जनशक्ति व्यवस्थापनको लागि छात्रवृत्ति करारका चिकित्सक र स्वास्थ्यकर्मी मन्त्रालय र विभागले प्रदेशमार्फत खटाउने र अत्यावश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउने जिम्मेवारी तोकिएको छ ।

प्रदेश सरकारले अस्पताल सञ्चालनका लागि खटिएका जनशक्तिको ज्ञान, सीप र दक्षता अभिवृद्धि र आवधिक सुपरीवेक्षण गर्ने दायित्व तोकिएको छ ।

अस्पताल सञ्चालनको पूर्ण स्वामित्व एवं जिम्मेवारी भने स्थानीय सरकारको हुने मापदण्डमा तोकिएको छ । सम्बन्धित स्थानीय तहले निःशुल्क आधारभूत सेवाको सुनिश्चितताका लागि २४सै घण्टा सामान्य आकस्मिक सेवा, बाहिरङ्ग सेवा, फार्मेसी सेवा, प्रयोगशाला, एक्स–रे सेवालगायत उपलब्ध गराउनुपर्ने मापदण्डमा उल्लेख छ । रासस

# मधेशका बालबालिकाको समग्र अवस्था अन्य प्रदेश भन्दा कमजोर



**जनकपुरधाम ।**
मधेश प्रदेशका जिल्लाहरूमा अन्य प्रदेशको तुलनामा बालबालिकाको संख्या बढिरहे पनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा अन्य अवस्थाहरू कमजोर रहेकोमा एक कार्यक्रममा सहभागीहरूले चिन्ता व्यक्त गरेका छन् ।

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय वाल अधिकार परिषद्को आयोजना तथा एकीकृत हातेमालो समाजको सहकार्यमा जनकपुरधाममा सम्पन्न 'मधेश प्रदेशमा बालबालिकाको वर्तमान र राज्यको दायित्व' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले सो कुराप्रति चिन्ता व्यक्त गर्नुभएको हो ।


देशमा १८ वर्ष मुनिका ९८ लाख ९९ हजार ५ सय ८३ बालबालिका रहेकोमा मधेश प्रदेशमा मात्र २४.३३ प्रतिशत अर्थात् २४ लाख १ हजार ८ सय ६१ बालबालिकाहरू रहेको राष्ट्रिय बालअधिकार परिषद्का सूचना अधिकारी एवं अधिकृत रामबहादुर चन्दले जानकारी दिए ।

मधेश प्रदेशमा बालबालिकाको अवस्थामा सुधार गर्न स्थानीय तहमा बालअधिकार समितिको गठन कम संख्यामा भएको पाइएको छ । मधेशको ६९ स्थानीय तहमा समिति गठन भएको छ । राष्ट्रिय तहमा ४ सय ९० तहमा बालकल्याण अधिकारी नियुक्त भएको देखिए पनि मधेशमा ९९ मा मात्र रहेका छन् ।

यसैगरी राष्ट्रियस्तरमा ३ सय १० तहमा स्थानीय बालकोष स्थापना भए पनि मधेशमा २३ स्थानीय तहमा मात्र स्थापना भएको पाइएको छ । बालअधिकार सम्बन्धि एकीकृत कार्यविधि राष्ट्रिय स्तरमा ४ सय ४२ स्थानीय तहमा भए पनि मधेशमा ७० मा मात्र कार्यविधि रहेको मधेश प्रदेशका बाल संरक्षण अधिकृत सञ्जीव महतोले जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेशका गाउँपालिका तथा नगरपालिका महासङ्घका पदाधिकारीहरू, विभिन्न पालिकाका उपप्रमुखहरू तथा बालबालिकाका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

# प्रदेश सांसदद्वारा पूर्वाधार आयोजना शिलान्यास



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट क्षेत्र नम्बर ४ का प्रदेश सांसद युवराज भट्टराई 'समीर' ले बुधवार महत्त्वपूर्ण पूर्वाधार विकास आयोजनाको शिलान्यास गरेका छन् ।

वृन्दावन नगरपालिकाअन्तर्गत विश्रामपुर, बेनौली, नरकटिया र हर्दिया गाउँहरूलाई जोड्ने नाला सहितको कालोपत्रे सडक निर्माण कार्यको औपचारिक शुभारम्भ सांसद भट्टराईले शिलान्यास मार्फत गरेका हुन् ।

आयोजना मधेश प्रदेश सरकारको कुल १२ करोड ७८ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको हो । सांसद भट्टराईले सडक तथा नाला निर्माण सम्पन्न भएपछि स्थानीय बासिन्दाले सहज र सुरक्षित यातायात सुविधा पाउने तथा दीर्घकालीन रूपमा जलजमावको समस्या समाधान हुने अपेक्षा व्यक्त गरे ।

शिलान्यास कार्यक्रममा पूर्व सांसद देवेन्द्र पटेल, वृन्दावन नगरपालिकाका पूर्व मेयर राम स्नेही यादव, मेयरका प्रत्याशी प्रेमशंकर यादव, समाजसेवी रामप्रसाद पटेल लगायत स्थानीयको उल्लेख्य उपस्थिति थियो ।

# भन्सार एजेन्टको आन्दोलन फिर्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सार ऐन २०५२ मा समावेश गरिएका प्रावधानको विरुद्धमा आन्दोलनमा रहेको भन्सार एजेन्ट महासंघले आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ ।

महासंघका अध्यक्ष प्राचिन कुअमर थैवले देशभरका भन्सार कार्यालयहरुमा पेन डाउन लगायतका विरोध कार्यक्रमप्रति भन्सार विभाग र महासंघबीच छलफल भई सकारात्मक रुपमा महासंघका माग सम्बोधन भएकोले पेन डाउन कार्यक्रम फिर्ता भएको जनाकारी दिएका छन् ।

यसैबीच भन्सार विभागले पनि भन्सार एजेण्ट महासंघको तर्फबाट पेश गरिएका विभिन्न मागमा व्यवस्थापन सुधार गर्ने र विभाग–कार्यालयबाट सम्बोधन हुने प्रकृतिका मागहरु विभाग–कार्यालयबाट क्रमशः कार्यान्वयन गर्दै जाने एवं नियमावलीमा सम्बोधन गर्नुपर्ने उपयुक्त मागका विषयमा अर्थ मन्त्रालयमा अवगतार्थ निर्णय भएको जानकारी गराएको छ ।

आइतबारदेखि लागु भएको भन्सार ऐन २०८२ का प्रावधानहरूले भन्सार एजेन्टहरुको पेशागत हकहित, काम गर्ने सहजता तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा समेत नकारात्मक असर पुर्याउने वातावरण सृजना भएको भन्दै उनीहरुले मंगलबारदेखि देशभरका भन्सार कार्यालयहरूमा विरोध कार्यक्रम शुरु गरेका थिए । आन्दोलनका कारण देशभर भन्सार जाँचपास अवरुद्ध हुदा राजश्व संकलन प्रभावित भएको थियो ।

# स्रोत नखुलेको सात लाख रुपैयाँसहित पक्राउ

**सिरहा ।**
यहाँको बरियारपट्टी गाउँपालिका–२ मा प्रहरीले स्रोत नखुलेको नगदसहित एक व्यक्तिलाई पक्राउ गरेको छ ।

मङ्गलबार मध्याह्न १२ बजेको समयमा इलाका प्रहरी कार्यालय महेशपुर पतारबाट खटिएको प्रहरी टोलीले भारततर्फबाट नेपालतर्फ आइरहेको भारतीय नम्बर प्लेट भएको बिआर ३२ एडब्लु –८३७७ नम्बरको स्कुटी जाँच गर्ने क्रममा स्कुटीको डिकीभित्र लुकाइछिपाइ राखिएको सात लाख रुपैयाँ बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिए ।

प्रहरी उपरीक्षक शर्माका अनुसार स्कुटी चलाइरहेका बरियारपट्टी गाउँपालिका–३ का ४६ वर्षीय दिनेश महतोलाई घटनास्थलमै नियन्त्रणमा लिइएको छ ।

उनका अनुसार, बरियारपट्टी क्षेत्रमा केही दिनदेखि निगरानी बढाइएपछि जाँच कडा पारिएको थियो ।

सोही क्रममा महतोलाई रोकिएको र डिकी खोल्दा ठूलो परिमाणको नगद भेटिएको हो ।

पक्राउ परेका महतोमाथि नगदको स्रोत, प्रयोजन तथा सम्भावित अवैध कारोबारसम्बन्धी विषयमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

यसैसँगै आवश्यक कानूनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ ।

सम्पादकीय

# भिआइपी बलात्कार, महिला र नाबालिका असुरक्षित

जनकपुरमा १३ वर्ष ४ महिनाकी नाबालिकालाई दुई दिनसम्म बन्धक बनाएर सामूहिक बलात्कार गरिएको घटनाले यतिखेर सिंगो देश तातिएको छ । अझ यसमा भर्खरै मधेश सरकारमा भएभरको पद गुमाएर एक्लो परेको नेकपा एमालेका हेभिवेट र भिआइपी नेता नै संलग्न रहेको तथय बाहिर आएपछि एमालेको क्षयीकरणमा पनि निकै मलजल गरेको छ । केहीले त बलात्कारमा आरोपीको बाबुको समेत नाम राखेर समाचार लेखेका छन् । जबकि सिधा भन्दा यो घटनामा आरोपी र नेकपा एमालेको कुनै हात थिएन । तर एउटाले बिराउने, सबैलाई पिराउने भएकाले आरोपीको बाबुको नामसमेत समाचारमा आयो, एमाले त जोडिने जिनिसमा परिगयो ।

यो गम्भीर आरोपमा नेकपा एमालेका नेता शिवशङ्कर साह 'हिरा' पक्राउ परेका छन् । साह एमाले अध्यक्ष केपी शर्मा ओली निकट नेता मानिन्छन् । साहलाई भारतको सीतामढी जिल्लाबाट पक्राउ गरी नेपाल ल्याइएको धनुषा प्रहरीले जनाएको छ । उनी प्रहरीको पक्राउ पुर्जी जारी भएपछि भारतमा बसेर नेपालमा फरार भएका थिए । नेपाल प्रहरी र भारतीय सुरक्षा निकायको समन्वयमा उनलाई नियन्त्रणमा लिइएको धनुषा प्रहरी प्रवक्ता गणेशबहादुर बमले जानकारी दिए । घटनामा नाबालिकाकी मामा सञ्जय महासेठलाई पनि पक्राउ गरिएको छ । उनमाथि घटनामा मिलापत्र गर्ने प्रयास गरेको र पीडित परिवारबाट रकम लिएको आरोप छ । एकातिर घिनलाग्दो हर्कत, अर्कातिर मामाहरु नै भाञ्जी बलात्कृत हुँदा पैसा उठाएर मिलाउँछु भन्ने मानवीयता शून्य भएको दृश्य अनि अर्कातिर पैसामा बलात्कारजस्तो घृणाजन्य अपराध पनि मिलाउन सकिन्छ भन्ने नेताहरुको घमण्डले यतिखेर पार्टीको बदनाम भएको छ । परिवारका सदस्यहरुको अनुहारमा पनि मोसो दलिएको छ । यो घटनाले के भन्छ भने मधेशमा महिला, बालिका चैँ असुरक्षित छन् । कसैले आँखा नलगाइन्जेल मात्र उनीहरु सुरक्षित छन् भन्ने देखिन्छ ।

# आमाबुबा भएकै अधिकांश बालबालिका बालगृहमा

सकेसम्म आमा–बुबा वा आफन्तीसँगै हुर्काउन आवश्यक छ । कतिपय बालगृह बालमैत्री नहुँदा न राम्रो शिक्षा पाएका छन्, न त स्वस्थकर जीवन बिताएका छन् । बालगृहमा बसेका बालबालिकाको डरलाग्दो सामाजिक र मनोवैज्ञानिक अवस्था देखेर सविनालगायत बालगृहमा हुर्किएका बालबालिकाले बालबालिकालाई घरमै हुर्किने वातावरण मिलाउन आग्रह गर्दै आएका छन् ।



मधु शाही

आमाको काख र बुबाको साथ । छोराछो◌ेरीले महसुस गर्न सक्छन् । यही शब्द काभ्रेकी सविता विश्वकर्मालाई सोध्नुभयो भने उहाँले आमा र बुबा शब्द उच्चारण गर्न सक्नुहुन्छ तर त्यसको आत्मीय भाव महसुस गर्न सक्नुहुन्न । दुई वर्षको कलिलो उमेर, जतिबेला उहाँले तोतेबोलीले आमा र बा भन्न सिक्ने बेला थियो । त्यतिबेला नै सविताका आमाबुबाले छोरीहरूको उज्वल भविष्यको कामना गर्दै एकैसाथ तीन छोरीलाई काठमाडौँको एक बालगृहमा हुर्काउने जिम्मा लगाउनुभएको थियो ।

अहिले २३ वर्षकी सवितालाई बालगृहमा बिताएका ती क्षण जति दुःखदायी थिए, बालगृहबाट निस्किएपछि पनि उस्तै कष्टकर रहेको उहाँको अनुभव छ । सँगै गएका दिदी र बहिनी विदेशीले धर्मपुत्र बनाएर लगेपछि त सविनाले झनै एक्लो महसुस गर्नुभयो । दुई वर्षको उमेरदेखि १८ वर्षसम्म बालगृहमा बिताएर परिवार भेट्न पुग्दा सवितालाई आत्मीय भाव जगाउन निकै कठिन भएको थियो । विदेशमा भएका दिदीबहिनीसँग भेट हुँदा पनि भाषा र संस्कृति, हुर्काइका कारण अन्तरसम्बन्ध विस्तार हुन नसकेको उहाँले बताउनुभयो ।

उहाँले दुई वर्षको उमेरदेखि बालगृहमा बिताएका दिनहरू दुःखदायी छन्◌्, कारुणिक छन् । बालगृहमा आउँदा सविताकी आमाले सवितालाई भनेअनुसार जेठी छोरी पाँच वर्षकी माइली (सविता) दुई वर्षकी र कान्छी छोरी एक डेढ वर्षकी हुँदी हुन् । आमाको काखमा लुट्पुटिने रहर नपुग्दै बालगृहको कठोर हेरचारमा बाँधिनुपर्ने सविताको बाल्यकाल निरश त भयो नै, त्यसका कारण अहिलेसम्म उहाँ मानसिक रोगसँग जुध्दै हुनुहुन्छ । "म एक्लै महसुस गर्छु, समाजमा घुलमिल हुनै सक्दिन । यसले गर्दा डर त्रास बढ्दै गयो । अहिलेसम्म डिप्रेसनको औषधि सेवन गर्नुपरेको छ", उहाँ भन्नुहुन्छ ।

सविनाले बालगृहमा बसेर बालबालिका सुरक्षित र राम्रो हेरविचार पाउँछन् भन्ने सुनिश्चित नभएको बताउनुहुन्छ । सकेसम्म आमा–बुबा वा आफन्तीसँगै हुर्काउन आवश्यक छ । कतिपय बालगृह बालमैत्री नहुँदा न राम्रो शिक्षा पाएका छन्, न त स्वस्थकर जीवन बिताएका छन् । बालगृहमा बसेका बालबालिकाको डरलाग्दो सामाजिक र मनोवैज्ञानिक अवस्था देखेर सविनालगायत बालगृहमा हुर्किएका बालबालिकाले बालबालिकालाई घरमै हुर्किने वातावरण मिलाउन आग्रह गर्दै आएका छन् ।

हुम्ला घर भएका हरि बुढाथोकीलाई ११ वर्षको उमेरमा घर छोडेर बालगृह आउनुप¥यो । बालगृहका मान्छेले हुम्लामा घुम्न आएका एक व्यक्तिले उहाँको दिदीलाई भेटेर भाइलाई राम्रो स्कुलमा पढाइदिन्छौँ भन्दै आश्वासन देखाएर काठमाडौँको एक बालगृहमा लैजाने अनुमति मागे । हरिका अनुसार दिदीले आमाबुबासँग कुरा गर्नुभयो । सुरुमा दिदीले मान्नुभएको थिएन । आमाबुबाले पनि राम्रो पढ्न पाउँछ भने भाइको सुन्दर भविष्यका लागि भनेर हरिको परिवारले बालगृह पठाउने निधो ग¥यो ।

गाउँघरमा रमाएको बच्चा अचानक काठमाडौँ बिरानो ठाउँमा बालगृहमा बस्नुपर्दा जेलमा आएजस्तै महसुस भएको हरि विगत सम्झिनुहुन्छ । उहाँ अहिले २३ वर्षको हुनुभयो । तीन वर्षसम्म मात्रै बालगृहमा बस्नुभएको अनुभव रहेको सुनाउँदै उहाँले छोराछोरीको भविष्य परिवारसँगै राम्रो हुने बताउनुहुन्छ । 'राम्रो पढाउने भनेर बालगृह पठाएका मेरा आमाबुबालाई के थाहा मैले त्यहाँ कापी–कलमसमेत पाउन मुस्किल पथ्र्या◌े ।'

हुम्लाका विनोदका एउटै घरका तीन दाजुभाइ र एक बहिनी बालगृहमै हुर्किए । घरको आर्थिक स्थिति कमजोर थियो । दाउरा बेचेर घरखर्च चलाउनुपर्ने बुबाआमाको अवस्था थियो । गाउँमा एक नेताका रुपमा चिनिने आफन्तीले नै विनोदका बुबाआमालाई छोराछोरी काठमाडौँमा लैजाने र ठूलो मान्छे बनाउने भनेर प्रलोभन देखाए । घरमा हातमुख जोड्न कठिन भएको बेला पालिदिने खुसीले विनोदका बुबा आमाले छोराछोरी काठमाडौँ पठाए ।

एघार वर्षको उमेरमा बालगृह आएर बसेर हुर्किएका विनोद अहिले २३ वर्षको हुनुभयो । विगत सम्झिँदै भन्नुहुन्छ, 'पेटभरि खान पाइँदैनथ्यो । एउटै खाटमा छ जनासम्म कोचिएर सुत्थ्याँ◌ै । दाता(डोनर)ले दिँदासम्म राम्रै लाउथ्यौँ । त्यसपछि पुरानै च्यातिएका लुगामा बस्नुपथ्र्यो ।' घरको गरिबी देखेर सुखमा हुर्किने आश्वासनसहित बालगृह आएका विनोदजस्ता थुपै परिवारका बालबालिकाले बालगृहमै गरिबी र अभाव भोग्नुपरेको छ ।

काठमाडौँबाट पढेर आएको छोराले घर सम्हाल्छ भन्ने आमाबाबाको आशालाई विनोदले पूरा गर्न नसक्दा अहिले परिवारसँगै सुमधुर हुन नसकेको बताउनुहुन्छ । 'बालगृह छोडेर घर फर्किदा आफ्नै आमाबुबाले बोल्ने हुम्ली भाषा बुझ्नै सकिन । यसले गर्दा कुराकानी दैनिकीमै समस्या भोग्नुप¥यो,' विनोद थप्नुहुन्छ, 'एक अर्काको भावना नबुझ्दा अहिले आमा र मेरो सम्बन्ध नै बिग्रिएको छ । हामी छुट्टाछुट्टै बस्नुपरेको छ ।'

काठमाडौँमा हालै हिमाली नवीन समाज संस्थाले आयोजना गरेको एक कार्यक्रममा विनोद, हरि सवितालगायत बालबालिकाले बालगृहमा बस्दा र निस्किएपछि समाजमा खेप्नुपरेको चुनौतीबारे बालेका थिए । उनीहरूका अनुसार बालबालिकाको हुर्काइ परिवार र समाजमै सुन्दर हुने बताएका थिए । बाल गृहलाई बालबालिकाको अन्तिम विकल्पको रुपमा मात्रै प्रयोग गर्ने उनीहरूको आग्रह थियो ।

बाल अधिकारकर्मी एवं हिमाली नवीन समाजमा आबद्ध सुरेन्द्र लामा तामाङका अनुसार बालगृह सञ्चालन गर्न दुर्गम ठाउँमा पुगेर ऐजन्टहरू नै विभिन्न प्रलोभन देखाइ बालबालिकालाई बालगृहसम्म ल्याउने गरेका छन् । यसमा परिवारले नै स्वेच्छाले बालगृहमा राम्रो भविष्य बन्ने सोचका साथ आफ्ना बच्चा अरुलाई जिम्मा लगाउने गर्छन् । 'बालगृहमा बसेका बालबालिकाको मानसिक स्थिति अत्यन्त नाजुक छ,' उहाँले भन्नुभयो, 'उनीहरूलाई समाजमा अन्तरघुलन हुन कठिन छ ।' उहाँका अनुसार बालबालिकालाई बाल गृहसम्म ल्याउने अभिभावक नै बढी छन् । 'अभिभावकहरूले स्थानीय 'एजेन्ट'लाई आफ्नो छोराछोरी जिम्मा लगाउने मात्र नभई पछिसम्म पढ्न लेख्न पाउने र उज्वल भविष्यको आशामा नगद पैसासमेत दिने गरेको देखिन्छ,' उहाँले भन्नुभयो ।

राष्ट्रिय बाल अधिकार परिषद्को तथ्याङ्कका अनुसार ४३ जिल्लामा रहेका ३६६ बालगृहमा हाल १० हजार १९३ जना बालबालिका बासेबास गरिरहेका छन् । तीमध्ये २०७ बालगृहले सञ्चालन अनुमति लिएकामा विविध कारणले आठ वटा संस्था बन्द भएको परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले जानकारी दिनुभयो । उहाँका अनुसार कूल बालगृहमध्ये करिब ६० प्रतिशतका बुबाआमा दुवै र २० प्रतिशतका बुबा वा आमामध्ये एक जना जीवित रहेका छन् ।

नेपालमा सञ्चालित कूल बालगृहमध्ये, ६६ प्रतिशत बालगृह काठमाडौँ, ललितपु◌ुर, भक्तपुर, चितवन र कास्की जिल्लाहरूमा केन्द्रित रहेका छन् । बालअधिकारकर्मी लामाका अनुसार अध्ययनका क्रममा ती जिल्लाहरूमा बालगृहहरू बढी केन्द्रित हुनुको कारण त्यहाँ पर्यटकीय क्षेत्र भएकाले विदेशी पर्यटकको आवागमन उच्च हुने हुँदा आर्थिक सहयोग प्राप्त गर्न तुलनात्मक रुपमा सहज हुने निष्क्रष निकालेको छ । बालगृहमा राखिएका बालबालिकालाई पर्यटकहरूको चहलपहल हुने स्थानमा लगी माग्न लगाउने गरेको अध्ययनबाट थाहा भएको थियो ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बारेमा स्पष्ट रुपमा उल्लेख गरिएको छ । यसमा अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका साथै बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका, आमा बुबालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएका कारण उचित हेरचाह नपाएका बालबालिका, कानुनी विवादमा परेका बालबालिकाको संरक्षणमा ऐनले जोड दिएको छ । वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बुबा वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबर्जस्ती करणी वा कानुनबमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुव्र्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका भनिएको छ । रासस

# के संसद् ब्युँताउने रिट निवेदनमा देउवाको 'समर्थन' छ ?

कांग्रेसले चुनावमा जाने निर्णय गर्दासम्म पुनर्स्थापनाको माग सहितको रिट निवेदन दर्ता गरेको एमालेले पनि चुनावमा नगई नहुने आकलन भइरहेको थियो । तर कांग्रेसकै कतिपय पूर्वसांसदले अर्को रिट निवेदन दर्ता गरेपछि चुनावको वातावरण थप धमिलो बनाउने कतिपय नेताहरू बताउँछन् ।

शरद केसी

नेपाली कांग्रेसका केही पूर्व सांसदहरूले विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेपछि उक्त दलकै वरिष्ठ नेताहरू अचम्म परेका छन् । नेता विमलेन्द्र निधिका अनुसार अन्य कैयौँ नेताहरूजस्तै उनले पनि समाचारबाटै त्यस्तो कुरा थाहा पाएका हुन् ।

विघटित प्रतिनिधिसभामा कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले पार्टी केन्द्रीय समितिको बैठकमा पनि व्यक्तिगत रूपमा आफूहरूले कानुनी उपचार खोज्ने बताएको निधिले जानकारी दिए ।

'तर त्यो उहाँहरूको निजी धारणाअनुसार निवेदन दिएको होला, पार्टीको आधिकारिक निर्णयमा रिट निवेदन दर्ता गर्ने भन्ने छैन,' नेता निधिले बताए । महामन्त्री, पार्टी प्रवक्ता र अन्य पदाधिकारी सहितका उच्च नेताहरूले पनि रिट निवेदनबारे अनभिज्ञता जनाएका छन् । उनीहरूले पार्टीको आधिकारिक निर्णयअनुसार निवेदन नदिइएको बताएका छन् ।

'देउवासँगको सल्लाहमा दर्ता?'

तर रिट निवेदन दर्ता गर्न अगुवाइ गरेका नेता घिमिरेले पार्टीकै नेतृत्व तहसँगको परामर्शपछि नै आफूहरू न्यायिक उपचारमा गएको बीबीसीलाई जानकारी दिए ।

'औपचारिक रूपमा निर्णय गरेर होइन, अनौपचारिक छलफल गरिएको हो,' उनको भनाइ छ ।

तर के सभापति शेरबहादुर देउवाले पनि सहमति जनाए? घिमिरेले जबाफ दिए, 'सामान्य छलफल भएरै गरेको हो, तपाईँ बुझ्नुस् न आफैँले, सहमति बेगर त्यसै त गरिँदैन थियो होला नि ।'

कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीका अनुसार पार्टी केन्द्रीय समितिको बैठकले निर्वाचनमा जाने निर्णय गरेको छ, पुनर्स्थापनाको निम्ति अदालत जाने निर्णय गरेको छैन ।

तर घिमिरेले पार्टीकै निर्णयले बाटो खुला गरेको बताए ।

'वर्तमान सरकारको गठन र संसद् विघटन असंवैधानिक र अलोकतान्त्रिक छ । र, यसको न्यायिक निरूपण हुनुपर्छ भन्ने पनि पार्टी निर्णय छ,' नेता घिमिरे भन्छन्, 'निवेदन हाल्ने र फलानो वकिललाई लेखाउने जस्ता सबै मसिना कुरा निर्णयमा लेख्ने कुरा भएन, तर अदालत नगएर न्यायिक निरूपण पनि त हुँदैन ।'

घिमिरेले यस अघिनै पूर्व सांसदहरूको हस्ताक्षर सङ्कलन गरिरहेका थिए । तर सङ्कलित हस्ताक्षरमध्ये आठ जना पूर्वसांसदको मात्र निवेदनमा हस्ताक्षर छ ।

'मेरो पदको निम्ति होइन, मान्छे म¥यो भन्दा पनि काल पल्किने चिन्ता हो,' हस्ताक्षरकर्ता पूर्वसांसद आशा बिक भन्छिन्, 'म संविधानसभाको सदस्य पनि हो । सरकार गठन र संसद् विघटन असंवैधानिक छ भन्ने लागेपछि म कानुनी उपचार खोज्न गएकी हुँ ।'

कांग्रेस नेताले देखेको जोखिमपूर्ण सन्देश र आशङ्का

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिसकेको छ ।

एमाले अध्यक्ष ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासँग उनकै निवासमा गएर भेटे लगत्तै विघटित संसदमा रहेका नेपाली कांग्रेसका पूर्वसांसदहरू सर्वोच्च अदालत गएका हुन् ।

तर यसले धेरै खालको असर पार्ने देख्छन् कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी ।

'एमालेभित्रको संस्थापन इतर खेमा समेत ताजा जनादेशको निम्ति तयार भएका बेला कांग्रेसका पूर्वसांसदको कदमले एमाले अध्यक्ष केपी ओलीको योजनामा कांग्रेस फस्नु हुँदैन,' उनले भने, 'यो हामी सबैले स्वीकार गरेर चुनावमा जाने निर्णय गरिसकेको अवस्थामा जेनजी आन्दोलनको भावना विपरीत हुन्छ ।'

'जेन्जी' आन्दोलनका कारण पुराना दललाई धक्का लागेको र यो कदमले अर्को प्रहार बेहोर्नुपर्ने अवस्था आउने उनको बुझाइ छ ।

त्यसलाई उनले सरकार गठनसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका अङ्ग र सरकारी निकायले भ्रष्टाचारविरुद्ध सक्रिय बनेको अवस्थासँग जोड्छन् ।

पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचारसँगै भैरहवा विमानस्थल, गिरिबन्धु टि स्टेट, भुटानी शरणार्थी प्रकरण लगायतका विभिन्न प्रकरणहरू उत्खनन हुने अवस्थासँग पनि पछिल्लो कदम जोडिएको सन्देश आम मानिसमा पर्न थालेको उनले बताए ।

'यिनीहरूको सरकार मात्रै गएको रहेछ, सत्तामा त उनीहरूकै पकड रहेछ र पो संसद् पुनर्स्थापना गर्न खोजिरहेका छन् भन्ने बुझाइ पाइन थालेको छ, जुन दलहरूकै निम्ति निकै जोखिमपूर्ण हुनेछ,' शिवाकोटीले भने, 'यो मुद्दामा हामी तानिन सक्छौँ भन्ने त सम्बन्धित नेताहरूलाई लागेकै पनि हुनसक्छ, त्यसैले संसद् पुनर्स्थापना गर्न सकिए संवैधानिक अङ्गहरूलाई दबावमा राख्न सकिन्छ भन्ने उद्देश्य पनि हुनसक्छ ।'

तर विघटित प्रतिनिधि सभामा कांग्रेसका प्रमुख सचेतक रहेका श्यामकुमार घिमिरे त्यस्तो बुझाइको खण्डन गरे ।

'अनुसन्धान र तहकिकात गर्ने अनि मुद्दा दायर गर्ने अख्तियारको नियमित कामभित्र पर्छ । रिट निवेदनसँग केही सम्बन्ध छैन,' उनको भनाइ छ ।

चुनावी वातावरण बिगार्दैन ?

कांग्रेसले चुनावमा जाने निर्णय गर्दासम्म पुनर्स्थापनाको माग सहितको रिट निवेदन दर्ता गरेको एमालेले पनि चुनावमा नगई नहुने आकलन भइरहेको थियो ।

तर कांग्रेसकै कतिपय पूर्वसांसदले अर्को रिट निवेदन दर्ता गरेपछि चुनावको वातावरण थप धमिलो बनाउने कतिपय नेताहरू बताउँछन् ।

'यसले चुनावलाई पनि अनिश्चिततातर्फ धकेल्छ,' शिवाकोटी भन्छन्, 'तर आम मानिसमा पुग्ने सन्देशले दलहरूको लोकप्रियता अझै घट्न सक्छ ।' तर नेता घिमिरे आफूहरूले निर्वाचनमा नजाने नभनेको बताउँछन् ।

'भोलि सर्वोच्च अदालतले चुनावमा जाऊ भन्यो भने चुनावमा जानु परेन ?,' उनी भन्छन्, 'सम्मानित अदालतले जे भन्छ त्यही स्वीकार गरेर जाने हो ।'

अर्का नेता विमलेन्द्र निधिले पनि आफूहरू निर्वाचनको तयारीमै रहेको बताए । 'यसले चुनावी माहोल बिगार्दैन, बिगार्नु हुँदैन,' उनले भने, 'अहिलेको राजनीतिक स्थितिबारे सबैले सबै किसिमको उपाय र विश्लेषण गरिरहेका छन्, तर मेरो बुझाइमा सबै पार्टी अहिले चुनावको पक्षमा छन्, कांग्रेस निर्वाचनतिर होमिएको छ र होमिन्छ पनि ।'

कतिपयले संसद् पुनर्स्थापनाको सम्भावनाले कांग्रेस महाधिवेशनलाई पनि प्रभावित तुल्याउने प्रयासको रूपमा हेरेको पाइन्छ । पुनर्स्थापनासँगै संस्थापन पक्षले थप शक्ति आर्जन गर्ने सम्भावनाले महाधिवेशन प्रतिनिधिहरूलाई प्रभावित तुल्याउने उनीहरूको आकलन पाइन्छ । तर नेता घिमिरे भन्छन्,'यसले निर्धारित चुनावबाहेक केही कुरालाई असर गर्दैन ।' बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन सहयोगका लागि प्रधानमन्त्रीको अनुरोध

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित समयमा प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन गराउन सबै पक्षलाई सहयोग गर्न अनुरोध गरेकी छन । उनले मानवअधिकार रक्षकहरूको सुरक्षा र पहिचानका लागि आवश्यक कानुन निर्माण, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने प्रयास र छैटौँ राष्ट्रिय मानवअधिकार कार्ययोजनाको निर्माण गरी कार्यान्वयन सरकारको पहिलो प्राथमिकतामा रहेको जानकारी दिईन ।

७७औँ अन्तरराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले सरकारले भ्रष्टाचारका विरुद्धमा कठोर कदम चाल्ने प्रतिबद्धता जनाउँदै सुशासन कायम गर्नु सरकारले लक्ष्य रहेको धारणा राखिन । पारदर्शिता र जवाफदेहिताको वातावरणबिना मानवअधिकार सुरक्षित रहन नसक्ने उल्लेख गर्दै उनले यो मार्गमा सरकार दृढतापूर्वक अघि बढिरहेको बताईन ।

प्रधानमन्त्री कार्कीले भनिन, 'लोकतन्त्रको आत्मा भनेको स्वच्छ र निष्पक्ष निर्वाचन हो । नागरिकले भय, प्रलोभन वा दबाबबिना आफ्नो प्रतिनिधि छान्ने वातावरण सुनिश्चित गर्नु राज्यको मौलिक दायित्व हो । आगामी फागुन २१ गतेको निर्वाचनलाई अझ मितव्ययी, पारदर्शी र प्रविधिमैत्री बनाउन सरकार प्रतिबद्ध छ ।' उनले निर्वाचनमा खटिने सुरक्षा निकायका कर्मचारीलाई उच्च मनोबलमा काम गर्ने वातावरण सरकारले मिलाउने विश्वास दिलाईन ।

सम्पूर्ण बालिग नेपालीको मताधिकारलाई सुनिश्चित गर्दै सबै राजनीतिक दललाई निर्वाध रूपमा भाग लिन र निर्वाचनजस्तो लोकतान्त्रिक अनुष्ठानलाई सफल पारी मानवअधिकारको सम्मान, संरक्षण र प्रवद्र्धन गर्नसमेत प्रधानमन्त्री कार्कीले अनरोध गरिन ।

'नेपालको शान्ति प्रक्रियाले विश्वलाई प्रेरणा दिएको छ, तर सङ्क्रमणकालीन न्यायका बाँकी काम टुङ्गिन ढिलो भइरहेका छन् भन्ने विषयमा सरकार जानकारीमा छ । पीडितलाई न्यायको अनुभूति नदिलाएसम्म सङ्क्रमणकालीन न्याय पूर्ण हुँदैन', प्रधानमन्त्रीले भनिन । हालै परिमार्जित कानुन र सहमतिहरूको आधारमा यस प्रक्रियालाई पीडितमैत्री र विश्वसनीय निष्कर्षमा पु¥याउन सम्बन्धित संयन्त्रहरू सफल हुने उनको भनाइ छ ।

राष्ट्रिय मानवअधिकार आयोग लोकतन्त्रको पहरेदार संस्था भएकाले यसको स्वायत्तता, स्वतन्त्रता र प्रभावकारितालाई सरकारले उच्च प्राथमिकताका साथ संरक्षण गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्धत बताईन । आयोगलाई 'क' श्रेणीमा कायम राख्न संस्थागत तथा भौतिक पूर्वाधार, जनशक्ति र बजेट व्यवस्थापनलाई अझ सुदृढ बनाइने उनले उल्लेख गरिन ।

प्रधानमन्त्री कार्कीले भनिन, 'मानवअधिकारको संरक्षणमा जलवायु परिवर्तन आजको अर्को चुनौतीका रूपमा देखा परेको छ । नेपाल न्यूनतम कार्बन उत्सर्जन गर्ने राष्ट्र हुँदाहुँदै पनि जलवायु परिवर्तनका विनाशकारी प्रभावहरू सबैभन्दा बढी भोग्नुपरेको छ । हिमाल पग्लिनु, अनिश्चित मौसमचक्र, बाढीपहिरो, तापक्रम वृद्धिलगायत जलवायुजन्य असरले हाम्रो जीवनका हरेक आयाम, खाद्य सुरक्षा, स्वास्थ्य, बसोबास, शिक्षालगायतलाई प्रत्यक्ष प्रभावित बनाइरहेका छन् ।'

सरकारले अनुकूलन, जोखिम न्यूनीकरण, दिगो विकास र जलवायु न्यायका क्षेत्रमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई मजबुत बनाउँदै सक्रिय रूपमा अघि बढिरहेको उनले बताईन ।

प्रधानमन्त्री कार्कीले दिगो विकासका लक्ष्यको मूल भावनासहित गरिबी न्यूनीकरण, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशिता, शान्ति र समृद्धिको दिशामा सरकार निरन्तर अग्रसर रहेको बताईन । नेपाल पक्ष भएका अन्तरराष्ट्रिय मानवअधिकार महासन्धिअन्तर्गतका दायित्वहरू समयमै पूरा गर्नुपर्नेमा उनले जोड दिईन ।

'मानवअधिकार केवल कानुनी प्रावधान होइन, यो हाम्रो सामाजिक चरित्र बन्नुपर्छ । हामी सबै मिलेर मानवअधिकारलाई दैनिक जीवनको संस्कृतिमा रूपान्तरण गर्नसके मात्र दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल हुन सक्छन', प्रधानमन्त्री कार्कीले भनिन ।रासस

# रुपन्देही–३: कांग्रेसबाट खाणसहित छ जना सिफारिस

**रुपन्देही।**
नेपाली कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देही– ३ बाट पूर्वगृहमन्त्री बालकृष्ण खाणसहित छ जनाको नाम सिफारिस गरेको छ।

क्षेत्रीय कार्य समितिको मङ्गलबारको बैठकले प्रत्यक्षतर्फ खाणसहित सुशील गुरुङ, रमेश खनाल, रामचन्द्र ढकाल, विमल ढकाल र गोविन्दबहादुर खत्रीको नाम सिफारिस गरेको क्षेत्रीय सचिव लेखनाथ भट्टराईले राससलाई जानकारी दिए । यसैगरी, समानुपातिकतर्फ जन्नतुननिशा धुनिया, पुष्पाथरुनी र माधवी शर्मालाई सिफारिस गरिएको उनले बताए।

# यथास्थितिबाट माथि उठेर नयाँ चुनौतीको सामना गर्नसक्ने नेतृत्व आवश्यक छः सचिव विष्ट

**काठमाडौं।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव गोकर्णराज विष्टले पार्टीको आसन्न ११औँ महाधिवेशनले राष्ट्रिय राजनीतिमा देखिएका मुद्दालाई सम्बोधन गर्नेगरी नेतृत्व हस्तान्तरण गर्ने विश्वास व्यक्त गरेका छन।




महाधिवेशनका सन्दर्भमा बुधवार आयोजित अन्तरसंवाद कार्यक्रममा सचिव विष्टले यथास्थितिबाट माथि उठेर नयाँ चुनौतीको सामना गर्नसक्ने नेतृत्व आवश्यक भएको बताए। उनले महाधिवेशनले राष्ट्रिय राजनीतिमा देखिएका मुद्धालाई सम्बोधन गर्दै सामूहिक नेतृत्व दिने विश्वास व्यक्त गरे।

जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शनमा एकता र सहमतिका साथ पार्टीको नयाँ नेतृत्व चयन गर्नुपर्नेमा सचिव विष्टले जोड दिए।

पार्टीको केन्द्रीय नेतृत्वमा ४० वर्षमुनिका प्रतिनिधिको उल्लेख्य उपस्थितिका लागि र नयाँ राजनीतिक घटनाक्रमबारे महाधिवेशनमा छलफल गर्न प्रतिनिधिहरू सार्वभौम रहेका उनले स्पष्ट गरे।

सचिव विष्टले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको समूहबाट आफूहरू प्रतिस्पर्धामा उत्रने जानकारी दिए।

कार्यक्रममा कृष्ण राई, सुरेन्द्र मानन्धर, अरविन्दा सिंहलगायत नेताहरूले नेतृत्व पुस्तान्तरण र हन्तरणमा जोड दिनुभएको थियो । एमालेको ११ औँ महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुँदैछ।रासस

# डिजिटल माध्यमबाट हुने हिंसा न्यूनीकरणका लागि सबै जुटौँः सञ्चारमन्त्री खरेल



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले डिजिटल माध्यमबाट हुने हिंसा न्यूनीकरणका लागि सबै गम्भीरतापूर्वक लाग्नुपर्नेमा जोड दिएका छन।

सञ्चारिका समूह नेपालले सोमबार काठमाडौँमा आयोजना गरेको 'लैङ्गिक हिंसा र सञ्चारमाध्यमको भूमिका' विषयक अन्तर्क्रियामा मन्त्री खरेलले डिजिटल हिंसाबाट जोगिन पत्रकार महिलाहरूको दोहोरो जिम्मेवारी रहने बताए । महिला साथीहरूको दोहोरो जिम्मेवारी रहने बताउँदै उहाँले 'पहिला आफू सुरक्षित रहने' र 'यस क्षेत्रलाई सुरक्षित राख्ने' रहेको उल्लेख गरे।

'पहिला आफू सुरक्षित रहँदै यस क्षेत्रलाई पनि सुरक्षित राख्ने दायित्व महिला पत्रकारहरूमाथि छ । त्यसैले हाम्रा सामग्री, समाचार र विषयवस्तु र पैरवीहरू डिजिटल हिसाबबाट मुक्त गर्ने किसिमका हुनुप¥यो', सञ्चारमन्त्री खरेलले भने । अहिले लैङ्गिक हिंसाको प्रवृत्ति र शैली परिवर्तन भएकाले त्यसबाट सुरक्षित रहेर डिजिटल हिंसाविरुद्धका अभियान सञ्चालन गर्न जरुरी भएको उनले उल्लेख गरे।

'तपाईँ परिवारमाझ हुनुहुन्छ, आफू सुरक्षित रहेको अनुभूति गर्नुहुन्छ, तर तपाईँको मोबाइलमा आइरहेका सामाजिक सञ्जालका विभिन्न सामग्रीले असुरक्षित महसुस गराउनसक्छ । त्यसैले डिजिटल माध्यमबाट हुने हिंसाको बहस सुरु गर्नु अपरिहार्य छ । प्रविधिले सहजतासँगै त्रास पनि ल्याएको छ, यसको सही सदुपयोग गरिनुपर्छ', मन्त्री खरेलले भने।

मन्त्री खरेलले देश र समाज विस्तारै समतालाई आत्मसात् गर्दै समानताको बाटोमा अघि बढिरहेको बताउँदै आज हरेक हिसाबले महिलाहरू राजनीतिक, निजामती, पत्रकारितामा तथा समाजका विभिन्न पद र प्रतिष्ठामा आइराख्दा यसले सकारात्मक अर्थ र परिणाम दिएको उल्लेख गरे । सञ्चारमन्त्री खरेलले प्रधानमन्त्री सुशीला कार्की र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँगको भेटघाटको प्रसङ्ग जोड्दै संयोगले त्यो भेटघाट भएको बताए । भेटका क्रममा दुई ऐतिहासिक व्यक्तित्वसँग अन्तरङ्ग कुराकानी भएको उनले उल्लेख गरे। भेटका क्रममा पूर्वराष्ट्रपति भण्डारीले 'जगदीशजी तपाईँहरू पुरुष, हामी महिला। तपाईँहरूले एउटा सिन्को भाच्दा, हामीले तीनवटा भाच्नुपर्छ। हामी त्यति सङ्घर्ष गरेर आएका छौँ, त्यो नेपाली महिलाहरूले आफ्नो करियरका लागि सङ्घर्षको प्रतिक हो' भनेको प्रसङ्ग मन्त्री खरेलले कार्यक्रममा सुनाए । 'आज जो जति महिला पत्रकारहरूले सङ्घर्ष गरेर यहाँसम्म आउनुभएको छ, तपाईँहरूको सङ्घर्ष नेपाली सञ्चारमाध्यमका लागि अनुपम, अद्धितीय र विशेष छ', उनले भने।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेलले सरकारले निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्ने तथा जेन्जी आन्दोलनको भावनाअनुरुप सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न तीव्रताकासाथ काम गरिरहेको उल्लेख गरे । उनले भ्रष्टाचार र अनियमिततासम्बन्धी ठूला प्रकृतिका २५ भन्दा बढी फाइल सरकारले अगाडि बढाइसकेको जानकारी दिए।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले पछिल्लो समय डिजिटल हिंसा बढिरहेको भन्दै यसको न्यूनीकरणका लागि सबै एकजुट भएर लाग्नुपर्ने खाँचो औँल्याईन। उनले लैङ्गिक हिंसा मानवअधिकारको बाधक भएको उल्लेख गरिन।

सञ्चारिका समूहकी अध्यक्ष कमला पन्थीले डिजिटल हिंसाविरुद्ध सञ्चारमाध्यमको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिईन। क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) का अध्यक्ष रामकला खड्का, प्रेस काउन्सिल नेपालका सदस्य निमा काफ्लेलगायत वक्ताले कार्यस्थलको हिंसा कायमै रहेको बताउँदै डिजिटल हिंसा पनि बढिरहेको उल्लेख गरिन। यसको न्यूनीकरणका लागि सबै एकजुट हुनुपर्नेमा उनिहरूले जोड दिईन। रासस

# विश्वविद्यालयको जग्गाबाट आएन भाडा

दाङ।
नेपाल संस्कृत विश्वविद्यालयको बेलझुण्डीस्थित जग्गाको भाडा प्राप्त हुन सकेको छैन । विश्वविद्यालयको ३३ बिघा ३१ कट्ठाभन्दा बढी जग्गा १० वर्षका लागि भाडामा सम्झौता भएको थियो । जुन तुलसीपुर १८ निवासी टेकबहादुर डाँगीले लिएका थिए।

विसं २०७१ साउन १ गतेदेखि बाख्रापालन गर्ने भनेर भाडामा लिएको उक्त जग्गाको सम्झौता २०८१ असार ३० गते सकिएको छ। सम्झौताको म्याद गुज्रेको एक वर्ष भइसक्दा पनि त्यहाँबाट भाडा आउन सकेको छैन। सोही जग्गाबाट ५६ लाख ६५ हजार रुपैयाँ भाडा तिर्न बाँकी रहेको विश्वविद्यालयका रजिष्ट्रार माधव अधिकारीले बताए।

उनका अनुसार सुरुको तीन वर्षसम्म डाँगीले बाख्रा पालन गरे । त्यसपछि उनले बाख्रा पालन गर्न छाडेर योगी आदित्यनाथ फाउन्डेशनलाई दिए। अहिले त्यो जग्गा सोही फाउन्डेशनले नै प्रयोग गर्दै आएको छ । त्यहाँ अहिले गौशाला सञ्चालनमा रहेको छ । सम्झौता सकिएकै एक वर्ष भइसकेको छ । सम्झौता भएअनुसार मात्रै भाडा लिन मिल्ने र सम्झौताभन्दा पछिको भाडा नमिल्ने भएकाले भाडा पनि लिइएको छैन।

'सम्झौतासम्मको मात्रै भाडा लिन मिल्छ, तर अहिलेसम्म पनि प्रयोग भइरहेको छ, सम्झौताको मिति सकिएकै एक वर्ष भइसकेको छ', रजिष्ट्रार अधिकारीले भने, 'पछिल्लो एक वर्षको हिसाब नै भएको छैन ।' डाँगीसँगै वार्षिक पाँच लाख ४४ हजार रुपैयाँ भाडा रकम दिने सम्झौता भएको थियो । त्यो भाडामा वार्षिक १० प्रतिशत वृद्धि गर्ने सम्झौता भएको थियो। विश्वविद्यालयको केन्द्रीय कार्यालय र आवासगृह नजिकै गौशाला सञ्चालन गरेकाले वरिपरि मरेका गाइको गन्धले बस्नै नसक्ने अवस्था हुने उपकुलपति धनेश्वर नेपालले बताए । 'हामीले ठेक्का तोड्ने भनि पटक–पटक बोलायौं, २०÷२१ पटक बोलाउँदा पनि आउनुभएन', उनले भने।

यसरी अटेर गरे कानुनी कारबाही अगाडि बढाउनुपर्ने उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए। उक्त गौशाला सञ्चालन गर्दा एक करोड रुपैयाँ भन्दा बढी लगानी भएको भन्दै त्यो लगानी दिएमा उपमहानगरपालिकालाई हस्तान्तरण गरिदिने गौशालाका सञ्चालक भरतनाथ योगीले बताए । यो विषयमा आफूले प्रमुख जिल्ला अधिकारीसँग पनि कुरा गरिसकेको उनको भनाइ छ।

गाई संरक्षण गर्ने कुरा पवित्र उद्देश्यले नै सुरु गरिएको भए पनि यसलाई सञ्चालन गर्न निकै चुनौति रहेको उनको भनाइ छ। अहिले गौशालामा काम गर्नका लागि सात कर्मचारी राखेको समेत उनले बताए । अहिले त्यहाँ करिब ३०० गाई छन् ।रासस

# आफ्नो अनुभवलाई प्राधिकरणको हितमा खर्चिने कार्यकारी निर्देशक शाक्यको प्रतिबद्धता

**काठमाडौँ।**
नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले आफ्नो ३५ वर्षको अनुभवलाई प्राधिकरणको श्रीवृद्धिमा खर्च गर्ने प्रतिबद्धता व्यक्त गरेका छन।

सर्वोच्च अदालतको फैसलाबाट प्राधिकरणको कार्यकारी निर्देशक पदमा पुनः बहाली भएपछि बुधवार रत्नपार्कस्थित प्रधानकार्यालयमा जिम्मेवारी सम्हाल्दै उनले ऊर्जा क्षेत्रको विकासमा आफ्नो क्षमता, दक्षता र योग्यताअनुसार पारदर्शी र नतिजामुखी काम गर्ने दृढता व्यक्त गरे।

'प्राधिकरणकै पूर्वकार्यकारी निर्देशक एवं हालको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र मेराबीच ऊर्जा क्षेत्रको प्रवद्र्धनका सम्बन्धमा धेरै समानता छन्।

ऊर्जा क्षेत्रमा चुनौती ठूला छन्, आगामी दिनमा त्यसलाई समाधान गर्न सकिन्छ', कार्यकारी निर्देशक शाक्यले भने 'ऊर्जामन्त्रीले अन्य क्षेत्र पनि हेरिरहेका, ऊर्जा क्षेत्रमा निर्धक्क हुनुभए हुन्छ, म पूर्ण क्षमताले काम गर्छु, प्राधिकरणको सिङ्गो टिमलाई साथमा लिएर अघि बढ्छु।'

ऊर्जा क्षेत्र अर्थतन्त्रको 'ड्राइभर' भएको उल्लेख गर्दै कार्यकारी निर्देशक शाक्यले यही क्षेत्रको विकासमार्फत मुलुकको अर्थतन्त्र उकासिने विश्वास व्यक्त गरे। ट्रंकलाइन र डेडिकेटेड लाइनको बक्यौता उठाउने सरकारको निर्णयलाई आफूले उच्च प्राथमिकता दिएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, 'यो संस्थागत निर्णय हो, बक्यौता उठाउँछौँ, प्राधिकरणले गर्ने सबै काम गर्छौं।'रासस

# नागरिकको अपेक्षा र आवश्यकताअनुसार प्रदेश सरकारले काम गर्छः मुख्यमन्त्री कँडेल

सुर्खेत।
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश सरकारले नागरिकको अपेक्षा र आवश्यकताअनुसार काम गर्ने बताएका छन ।

प्रदेश योजना आयोगद्वारा बुधवार वीरेन्द्रनगरमा आयोजित 'कर्णालीको विकासमा सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा उनले अन्य प्रदेशको तुलनामा पछाडि रहेको कर्णाली प्रदेशलाई समृद्ध बनाउन पहिलो प्राथमिता दिएको जानकारी दिए। उनले भने, ' नतिजा देखिने गरी कर्मचारीले कार्यसम्पादन गर्नुपर्छ । सङ्घीयता कार्यान्वयनमा आए पनि प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापन केन्द्रीकृत नै छ । योजना छनोट प्रक्रियामा विज्ञताभन्दा राजनीतिक पहुँच र दबाब हाबी हुँदा स्रोतसाधन छरिएको र प्रतिफल आउन नसकेको हो '

मुख्यमन्त्री कँडेलले प्राप्त बजेट नै खर्च गर्न नसक्ने अवस्थामा थप स्रोत माग्नुको औचित्य नहुने जनाउँदै खर्च गर्ने क्षमता बढाउनुपर्नेमा जोड दिए।रासस

# एमालेको महाधिवेशनमा २४६३ जना प्रनिनिधि सहभागी हुने

**काठमाडौँ**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधिहरूको अन्तिम टुङ्गो लागेको पार्टीको महाधिवेशन प्रतिनिधि व्यवस्थापन समितिले जनाएको छ।

प्रतिनिधि व्यवस्थापन समितिको बधवारको बैठकले महाधिवेशनमा निर्वाचित, विशेष क्षेत्र र पदेन गरी दुई हजार १५४ प्रतिनिधि रहनेगरी टुङ्ग्याएको समितिका संयोजक काशीनाथ अधिकारीले जानकारी दिए।

उनका अनुसार पार्टीको केन्द्रीय सल्लाहाकार परिषद्का ३०९ जना सदस्यको पनि महाधिवेशनमा सहभागिता रहनेछ । उक्त सङ्ख्यासहित दुई हजार ४६३ जना महाधिवेशनको हलमा रहनेछन्।

समितिले प्रतिनिधिहरूको परिचयपत्र (कार्ड) छपाइको कार्य सुरु गरिसकेको जनाएको छ।रासस

# बागलुङमा धान उत्पादन बढ्यो



**बागलुङ।**
यसवर्ष बागलुङमा धान उत्पादन बढेको छ । समयमा वर्षा हुँदा उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।
गत वर्षको तुलनामा यसवर्ष ८४ दशमलव चार मेट्रिकटन धान उत्पादन भएको केन्द्रकी सूचना अधिकारी प्रतिभा शर्माले जानकारी दिईन । अघिल्लो वर्ष २० हजार मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष २० हजार ७८४.४ मेट्रिकटन उत्पादन भएको छ।
अघिल्लो वर्ष रोपाइँ सकिएपछि धानमा जरा कुहिने रोग लाग्दा उत्पादनमा ह्रास आएको भन्दै यसपाली कम क्षति हुँदा उत्पादन केही परिणाममा बढेको शर्माले बताईन। बागलुङ धान उत्पादनमा आत्मनिर्भर छैन । यहाँका किसानले खुमल ४, जेठो बुढो, लुम्ले २, झिनुवा, खुमल ११, खुमल बासमती १०, मार्सी, जडन लगायतका जात लगाइएकोखेती गर्दै आएको शर्मा बताउछन । पछिल्लो समय आइब्रिड जातका धानखेती गर्न थालेको उनको भनाइ छ।
'धानखेती तर्फ किसानको चासो बढी छ, अघिल्लो वर्षको तुलनामा यसवर्ष झण्डै १०० मेट्रिकटन धान बढी उत्पादन भएको छ, गत वर्षको तुलनामा यसवर्ष वर्षा पनि समयमै भयो, जरा कुहिने रोगले पनि कम क्षति गर्दा उत्पादन बढेको हो' शर्माले भने,'किसानले धान खेतीलाई प्राथमिकता दिएको पाइन्छ, खेती गरेको क्षेत्रफलका हिसाबले उत्पादकत्व ठिकै हो।'
जिल्लाको पश्चिम गलकोट, रेशा, सिगाना, जैदी, छिस्तीलगायतका क्षेत्रमा बाहेक धैरै स्थानमा सिँचाइको व्यवस्था छैन । यसवर्ष धान भित्र्याउने समयमा ठूलो वर्षा भए पनि उत्पादन नघटेको गलकोट नगरपालिका–६ का किसान कृष्ण खत्रीले बताउनुभयो । अघिल्लो वर्षको तुलनामा तीन मुरी धान बढी उत्पादन भएको उनको भनाइ छ।
जैमिनी नगरपालिका–७ का नरेन्द्र पौडेलले गतवर्ष १३ मुरी धान उत्पादन भएको खेतमा यसवर्ष १६ मुरी फलेको बताउनुभयो। गत वर्ष वर्षा ढिलो हुँदा सिँचाइमा गर्न नपाएको भन्दै यसवर्ष त्यस्तो समस्या नभएको सुनाए।
बागलुङमा ४६ हजार १४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्र खेती हुँदै आएको छ। छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइ सुविधा छ। रासस

# रामेछापका जुनार किसानको सक्रियता बढ्यो



**रामेछाप ।**
पर्याप्त जुनार उत्पादन हुने रामेछापमा अहिले जुनारको बिक्रीमा किसानको सक्रियता बढेको छ । जुनार बिक्रीका साथै गर्मीका लागि स्क्वास (प्रशोधनबाट तयार गरिएको पेयपदार्थ) बनाएर भण्डार गर्न किसान जुटेका छन् । जुनारको जिल्ला भनेर चिनिने रामेछापमा यस वर्ष फलेका पर्याप्त उत्पादन भएपछि किसान उत्साहित भएका हुन् ।
यो वर्ष जुनारका लागि उचित हावापानी भएकाले विगतको तुलनमा उत्पादन बढेको स्थानीय कृषक बताउछन् । पन्ध्र रोपनी जग्गामा लगाएको करिब ३०० बोटमा फलेका जुनार बिक्रीबाट रु तीन लाख आम्दनी हुने अपेक्षा गरिएको रामेछाप नगरपालिक–७ का कृषक रामकुमार कार्कीले बताए । उनले भने, 'गत वर्षको तुलनामा यस वर्ष जुनारका दाना केही साना भएपनि उत्पादन बढेको छ । बगैँचाबाटै प्रतिकिलो रु ५० देखि रु ६० मा बिक्री भइरहेको छ, बजारका लागि समस्या छैन ।'
कम मेहनत र लगानीमा मनग्य उत्पादन हुने भएकाले जुनारखेतीबाट आफूहरू सन्तुष्ट रहेको रामेछाप–७ कृषक ज्ञानुदेवी बस्नेतले बताईन । उनले भनिन, 'यो खेतीबाट हामी सन्तुष्ट छांँ । एउटा साधारण बगैँचामा उत्पादित फल बेच्यो भने दुइदेखि तीन लाख रुपैयाँ आम्दानी हुन्छ ।'
करिब १८ रोपनी जग्गामा व्यावसायिक रूपमा जुनारखेती गर्दै आउनुभएका रामेछाप–६ ओखेनीका हिमाल तामाङले उत्पादन बढेको भन्दै खुसी व्यक्त गरे । उनले भने, 'मैले गत वर्ष काठमाडौँका व्यापारीलाई बगैँचाबाट प्रतिकिलो ७५ देखि ८० रुपैयाँ मा बिक्री गरेर करिब तीन लाख ८८ हजार रुपैयाँ आम्दानी गरेको थिएँ । यहाँ तीन सय बोट छन्, त्यसमध्ये २५० बोटले उत्पादन दिइरहेका छन् भने ५० बोट हुर्किँदैछन् ।'
राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम कार्यान्वयन इकाइ रामेछापले जिल्लाको मन्थली नगरपालिका, रामेछाप नगरपालिका र लिखु तामाकोशी गाँउपालिकालाई जुनार जोनका रूपमा विस्तार गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।
कार्यलयका अनुसार गत आर्थिक वर्ष २०८१÷८२ मा ५८० हेक्टरमा खेती भए पनि चालु आवमा लिखु तामाकोशी गाँउपालिकाका विभिन्न वडामा १०० हेक्टर क्षेत्रफल थपिएको इकाइकी नायब प्राविधि सहायक भवानी बस्नेतले जानकारी दिए । क्षेत्रफल थपिएकाले गत वर्षको तुलनामा यस वर्ष जुनारको उत्पादन बढ्ने अनुमान गरिएको उनले बताए । यसैबीच, मन्थली डिलक्स एग्रो फरेष्ट्रि प्रालिले गर्मीको सिजनमा जुस बनाएर बिक्री गर्ने उद्देश्यले गाउँमा जुनार खरिद गरी गे्रडिङ गर्ने, ताछ्ने र रस बनाएर भण्डारण गर्ने काम सुरु गरेको छ । गाँउका किसानले उत्पादन गरेका जुनार गाँउमै खरिद गर्ने, गाँउलेलाई रोजगारी दिने र त्यसलाई पेलेर भण्डारण गरी गर्मी सिजनमा स्क्वास बनाएर बिक्री गर्न आफूले पहल थालेको प्रालिका सञ्चालक लोकेन्द्र श्रेष्ठले बताए ।
गाँउमा जुनार, सुन्तलालगायत फलफूल खेती गर्ने युवालाई स्थानीय तहले अनुदानका कार्यक्रम सञ्चालन गरी सीप विकासमा तालिको व्यवस्था गरेमा वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्यामा कमी आउने उनको भनाइ छ ।रासस

# भारतको सस्तो चामलले अमेरिकी किसानलाई घाटा भयो, थप शुल्क लगाउँछौंः ट्रम्प

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय चामलका कारण अमेरिकी किसानहरूले दुःख पाएको जिकिर गरेका छन् । उनले भारतबाट आउने चामल र क्यानडाबाट आउने खाद्य पदार्थहरूमा थप ट्यारिफ (शुल्क) लगाउनेसमेत बताएका हुन् ।
ट्रम्पका अनुसार दोस्रो देशबाट आउने सस्तो सामानले अमेरिकी किसानलाई नोक्शान पुर्याइरहेको बताए । उनले ह्वाइटहाउसमा आयोजित एक कार्यक्रममा किसानका लागि थप आर्थिक मद्दतका प्याकेज घोषणा गरेका थिए ।
ट्रम्पले भने,'भारत, भियतनाम र थाइल्यान्ड जस्ता देशले अमेरिकामा धेरै सस्तो चामल बेचिरहेका छन् । जसका कारण यहाँका किसानको कमाई निकै कम हुन पुगेको छ ।'
उनले यसलाई 'डंपिङ' गर्नका लागि अमेरिकामा चामल ल्याएको आरोपसमेत लगाए। यसको अर्थ बाहिरबाट गएको चामल यति सस्तो हुन्छकी स्थानीयहरूले



कुनैपनि मूल्यमा प्रतिस्पर्धा गर्न सक्दैनन्। साथै ट्रम्पले क्यानडाबाट आउने खाद्य सामाग्रीहरूमा पनि ट्यारिफ लगाउने बताए। उनले भने 'धेरै खाद्य पदार्थ क्यानडाबाट आउँछ यदि यो धेरै सस्तो भएमा ठूलो मात्रामा ट्यारिफ लगाउनेछौँ।' पछिल्लो समय अमेरिकामा ट्रम्पको ट्यारिफ नीतिसँगै महंगी अत्याधिक बढ्दै गएको छ। यस्तोमा उनी माथि निरन्तर दबाब बढी रहेको छ।
भारतले विश्वमा ४० प्रतिशत चामल निर्यात गर्दै आएको छ। भारतले २०२२–२३ मा करिब १५ मिलियन टन चामल निर्यात गरेको थियो। भारतले मुख्यतया दुई प्रकारका चामल निर्यात गर्छ।
जसमा बास्मती र गैरबास्मती रहेका छन्। भारतीय गैर–बास्मती चामलको सर्वाधिक ठूलो खरिद कर्ता पश्चिमी अफ्रिकी मुलुकहरू रहेका छन्। बास्मती चामल भने मिडल इस्ट देशहरू रहेका छन्।
जसमा साउदी अरेबिया, इरान, इराकलगायत रहेका छन्। विश्व बैंकका अनुसार भारतले अमेरिकामा २०२३ मा लगभग २ लाख ८१ हजार ८ सय ७३ टन चामल निर्यात गरेको थियो।
ट्रम्पले यसअघिनै भारतमाथि ५० प्रतिशत ट्यारिफ लगाइसकेका छन्। उनले २५ प्रतिशत ट्यारिफ भने रसियाबाट तेल खरिद गरेको भन्दै भारतमाथि ट्यारिफ लगाएका हुन्। एजेन्सी

# कफीखेतीमा जोड दिन पालिकालाई किसानको आग्रह

**गुल्मी ।**
यहाँ कफीखेतीको विस्तारका लागि स्थानीय पालिकाहरुले सहयोग गर्नुपर्ने भन्दै सरोकारवालाले चासो व्यक्त गरेका छन । सरोकारवाला संस्थाद्धारा कफी कृषकसँग कफीखेती विस्तारका लागि गरिएको छलफल तथा अन्तक्र्रियामा कृषकले सहयोगको अपेक्षा गरेका हुन् ।
कफी विकास केन्द्र आपचौर, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम र कफी अनुसन्धान कार्यक्रमको संयुक्त आयोजनामा उक्त कार्यक्रम गरिएको थियो । कफी विकास केन्द्रमा गरिएको कार्यक्रममा जिल्लामा पछिल्लो समयमा किसानमा कफीखेतीमा आकर्षण बढ्दै जान थाले पनि आशातित रुपमा कफीका बगैँचा सुक्दै जान थालेको बताइएको छ ।
कार्यक्रममा कफीविज्ञ तथा सरोकारवालाले कफी नेपालको महत्वपूर्ण नगदेवाली भएको औँल्याउँदै तीनै तहका सरकारले कफीखेतीमा लगानी बढाउनुपर्नेमा जोड दिएका थिए । जिल्लामा कफीको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय तथा कफी सहकारी भए पनि उनीहरुबीच आपसी समन्वयको अभाव रहेको स्थानीय रुद्र खरेलले बताए । कफीमा काम गर्ने कार्यालय धेरै हुँदा पनि कफीखेतीमा कृषकहरुको सहभागिता घट्दै जान थालेको खरेलको भनाइ थियो ।
कफी अनुसन्धान कार्यक्रम बलेटक्सारका प्रमुख जनार्दन गौतमले विश्वमै स्वादका आधारमा नेपाली कफी सातौँ स्थानमा पर्ने हुँदा नेपालको कफीको विश्व बजारमा राम्रो माग भएको जानकारी गराएका थिए । उनले बाँझो जमिनमा समेत कफीखेती गरेर राम्रो आम्दानी लिन सकिने हुँदा यस क्षेत्रमा किसानलाई थप प्रोत्साहित गर्नुपर्ने बताए ।
जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीले गुल्मीलाई चिनाउने मुख्य आधार कफी नै भएको भन्दै यसको व्यावसायिक उत्पादन र प्रवद्र्धनका लागि स्थानीय स्तरबाट नै सबै जागरुक हुनुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रमका सहभागी कफी कृषकले कफीको व्यावसायिक उत्पादनका लागि स्थानीय पालिकाले कृषकलाई टिकाइ राख्ने वातावरण बनाउन बिरुवा, छहारी व्यवस्थापन र प्राविधिक विषयमा स्थानीय तहले अनुदानका थप कार्यक्रम अघि बढाउनुपर्ने सुझाव दिनुभएको थियो ।
किसानले प्रत्येक पालिकाले वार्षिक रुपमा कम्तीमा पाँच हजार कफीका बिरुवा रोपण कार्यक्रम अघि बढाउनुपर्ने, कफी उत्पादक कृषकले कफीखेतीमा देखिएका समस्या, प्राविधिक ज्ञान र बजार विस्तारसँगै ५० रोपनी जग्गामा कफी लगाउने कृषकलाई स्थानीय तहले प्रोत्साहनका प्याकेज अघि बढाउनुपर्ने धारणा राख्नुभएको थियो ।
मुसिकोट नगरपालिकाका प्रमुख जिवलाल खरेल जीवनले मुसिकोट नगरपालिकाले कफी कृषकका लागि उपलब्ध गराउँदै आएको अनुदानमा वृद्धि गर्दै लगेको भन्दै आगामी दिनमा यसको विस्तारका लागि थप सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । गुल्मीभित्र रहेका कफी किसानको सहभागिता रहेको उक्त कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवाल, कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धिताल, कफी विकास केन्द्र आपचौरका प्रमुख राहुल पाण्डेयले जिल्लामा कफीखेतीको वर्तमान अवस्था र यसका चुनौतीका बारेमा जानकारी गराएका थिए ।
नेपालमा कफी जननी जिल्ला गुल्मीमा अहिले २४१ हेक्टर क्षेत्रफलमा कफीखेती हुँदै आएको छ । जिल्लामा गत वर्ष ३० मेट्रिक टन कफी उत्पादन भएकामा आठ टन ग्रिनबिन मात्र तेस्रो मुलुकमा निर्यात भएको थियो । जिल्लामा एक हजार ८०० भन्दा बढी कृषक कफीखेतीमा आबद्ध बनेका छन् ।
पछिल्लो समयमा गुल्मीमा कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कफी विकास केन्द्र, कफी अनुसन्धान कार्यक्रम, कफी सहकारी संस्थालगायत स्थानीय तहले समेत कफीखेतीको क्षेत्रमा काम गर्दै आइरहेका छन् ।रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक पाँच दशमलव शून्य तीन प्रतिशतले घटेर दुई हजार ६०९ दशमलव शून्य तीन को बिन्दुमा कायम भएको हो ।
३२९ कम्पनीको ८६ लाख ४७ हजार ९४८ कित्ता शेयर ९१ हजार ३९४ पटक खरिदबिक्री हुँदा तीन अर्ब ७३ करोड ८७ लाख ७२ हजार ३७३ बराबर रुपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ । आजको कारोबारमा म्युचुअल फण्डबाहेक सबै समूहको उपसूचक घटेको छ ।
स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ ।
सबैभन्दा बढी झापा इनर्जी लिमिटेडको शेयर मूल्य नौ दशमलव ३० प्रतिशतले घटेको छ ।रासस

# मुस्ताङमा स्याउ बगैँचा व्यवस्थापन गर्न सुरु

**मुस्ताङ ।**
यहाँका घरपझोङ, थासाङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका किसान यतिबेला स्याउ बगैँचा व्यवस्थापनमा जुटेका छन् । गुणस्तरीय स्याउ उत्पादन गरी उत्पादकत्व बढाउने उद्देश्यले स्याउको बगैँचा व्यवस्थापन अनिवार्य भएपछि किसानको सक्रियता बढेको हो ।
जिल्लामा विगतका वर्षभन्दा यस वर्ष स्याउ बगैँचा व्यवस्थापन चाँडो सुरु गरिएको हो । भदौदेखि कात्तिकसम्म स्याउको 'पोस्टहार्भेस्ट' (बाली उत्पादन वा कटानीदेखि उपभोक्ताले उपभोग नगरेसम्म गरिने व्यवस्थापनका सम्पूर्ण क्रियाकलाप) सकिएसँगै स्याउका बोटमा पात झरेर उजाड बनिसकेका छन् । यस वर्ष जमिनको तापक्रम नघटेकाले स्याउका पात छिटो सुकेका किसान बताउँछन् । समान्यतया यहाँ स्याउ बगैँचा व्यवस्थापन पुस र माघमा गर्ने गरिए पनि यस वर्ष पातहरू झरिसकेकाले बगैँचा व्यवस्थापनमा किसानको सक्रियता बढेको घरपझोङका किसान दिवश थापाले बताए । हिउँदयामको जाडो मौसममा यहाँका किसानले आफ्नो समयअनुकूल बगैँचाको व्यवस्थापन गर्ने उनले जानकारी दिए ।
'बगैँचा व्यवस्थापनको पहिलो प्राथमिकतामा स्याउका बोटको उपयुक्त काँटछाँट गर्नुहुन्छ । प्रत्येक बोटका हाँगाबिगामा सूर्यको प्रकाश समान रूपमा पर्नुपर्ने र चारैतिरबाट हावा खेल्नुपर्ने हुन्छ । यसो भएमा सूर्यको प्रकाश र हावाको माध्यमबाट बिरुवालाई चाहिने आवश्यक तत्व प्राप्त हुन्छ । बोटमा पलाएका अनावश्यक हाँगाबिगा र पातले स्याउको गुणस्तर र उत्पादनमा ह्रास पु¥याउन सक्ने भएकाले उपयुक्त काँटछाँट गर्नु जरुरी हुन्छ', किसान थापाले भने । जलवायु परिवर्तनका कारण तापक्रम नघट्दा स्याउको हार्भेस्ट पछि छिटोछिटो पात झरेर बगैँचाका बोटहरू पतझड जस्तै बनेका उनको भनाइ छ ।
हिउँदयामा किसानलाई बगैँचा व्यवस्थापन गर्न भ्याइनभ्याइ हुने गर्दछ । बोट काँटछाँट गर्नु, मलजल तथा सिँचाइको व्यवस्था गर्नु, रोगकिराको सङ्क्रमणबाट जोगाउन 'बोरोपेस्ट' र बोरोमिक्चर' छर्किनुलगायत काम गर्नुपर्ने किसान थापाले जानकारी दिए ।
बगैँचाको उचित व्यवस्थापन नगरे अपेक्षा गरेअनुरुपमा गुणस्तरीय उत्पादन नदिने उनको भनाइ छ ।
स्याउखेतीका लागि हिउँदयामको हिउँ अति आवश्यक मानिने किसान थापाले औँल्याए । बगैँचा व्यवस्थापन गर्ने समयमा परेको हिउँले जमिनको उर्वराशक्तिलाई मजबुद बनाउने, जमिनको भित्री तहसम्म सिँचाइ पुग्ने र रोगकिराको सङ्क्रमणलाई न्यूनीकरण गर्न मद्दत पु¥याउने थापाले जानकारी दिए । पछिल्लो समय अनुकूल मौसममा हिउँ नपर्दा प्राकृतिक सिँचाइको विकल्प खोज्नुपरेको उनको भनाइ छ ।
मुस्ताङको तल्लो क्षेत्रका तीन पालिकाका किसानले स्याउ बगैँचा व्यवस्थापन गर्न सुरु गरेपनि माथिल्लो क्षेत्रमा आगामी पुस १५ गतेदेखि माघ मसान्तसम्म व्यवस्थापन गरिने जिल्लास्थित कृषि तथा पशु विकास कार्यालयका प्रमुख राजेश गुरुङले जानकारी दिए । माथिल्लो मुस्ताङको उच्च उचाइमा तापक्रम घटेकाले बोटबकाट पात पूर्ण रूपमा झर्न समय लाग्ने भएकाले ती क्षेत्रमा बगैँचा व्यवस्थापन ढिलो सुरु हुने उनले बताए ।
स्याउको हार्भेस्ट भइसकेर बोटहरूबाट पात झरिसकेकाले यो बेला बगैँचा व्यवस्थापन प्रमुख भएको गुरुङले उल्लेख गर्नुभयो । बाटमा पलाएका अनावश्यक हाँगाहरू काँटछाँट गर्ने, रोगकिरा नियन्त्रणका लागि सुक्ष्म खाद्य तत्व तथा बोरोपेस्ट र बोरोमिक्चर उपयुक्त विधि अपनाएर छर्किनुपर्ने उनको भनाइ छ । 'यसरी बोटहरूबाट झरेका पाँतलाई एकिकृत गरी मलको रूपमा प्रयोग गर्न सकिन्छ । स्याउको गुणस्तर र उत्पादन वृद्धि गराउन बगैँचा व्यवस्थापनभित्र पर्ने सबै मापदण्ड पूरा गर्नुपर्ने हुन्छ', कार्यालय प्रमुख गुरुङले भने ।रासस

# निर्वाचन आउन ८५ दिन बाँकीः

## आयोगले केही मतदानस्थलको पुनरावलोकन गर्दै

**काठमाडौँ ।**
निर्वाचन आयोगले मतदाताको सहजताका लागि देशका विभिन्न मतदानस्थलको पुनरावलोकन गर्ने भएको छ ।
आयोगले एक सूचनामार्फत सहज रुपमा मतदान गर्ने प्रयोजनका लागि मतदानस्थल पुनरावलोकन गर्न लागिएकाले आममतदातालाई आवश्यक जानकारी गराइएको उल्लेख गरेको छ । आयोगले पुनरावलोकनका क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए हाल सञ्चालन भइरहेको मतदाता नामावली अद्यावधिक कार्यक्रममा मिलाउन भनेको छ ।
सो कार्यक्रम यही मङ्सिर २६ गतेसम्म चल्नेछ ।नामावलीमा रहेको त्रुटि सच्याउने नाम हटाउने, दाबी विरोध गर्ने कामका अतिरिक्त एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायकपर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिनसक्ने सुविधा रहेको सूचनामा उल्लेख छ ।
मतदाताले सम्बन्धित वडाभित्रकै अर्को मतदानस्थलमा आफ्नो नाम सार्न चाहेमा सम्बन्धित निर्वाचन कार्यालयमा गई वा आयोगको वेबसाइटमार्फत अनलाइन निवेदन दिन अनुरोध गरिएको छ ।रासस

# समानुपातिक निर्वाचन प्रणालीका लागि १०० दल दर्ता



**काठमाडौँ ।**
समानुपातिक निर्वाचन प्रणालीका लागि १०० राजनीतिक दलले निर्वाचन आयोगमा आवेदन दिएका छन् ।
आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिकतर्फ निवेदन दिने समयसीमा भित्र ती राजनीतिक दलले निवेदन दिएका हुन् ।
आयोगले यही मङ्सिर २१ देखि २३ गतेसम्म समानुपातिक निर्वाचन प्रयोजनका लागि दल दर्ताको समयसीमा निर्धारण गरेको थियो । सो समयभित्र एक सय राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीका लागि आवेदन दिएको आयोगले जनाएको छ ।
यसरी आवेदन गर्नेमा संयुक्त निर्वाचन चिन्ह लिएका र एकल चुनाव चिन्ह लिएका राजनीतिक दल छन् । प्राप्त भएको आवेदन माथि आवश्यक अध्ययन गरी यही मङ्सिर २६ गतेसम्म स्वीकृत गरिने आयोगले उल्लेख गरेको छ । आयोगले तय गरेको कार्यसूची अनुसार आगामी पुस १३ र १४ गते समानुपातिकतर्फको बन्द सूची पेश गर्नुपर्नेछ । सो सूचीमाथि आवश्यक अध्ययन पश्चात् आगामी माघ ४ गते प्रारम्भिक सूची प्रकाशित हुनेछ । उक्त सूचीमाथि दावी विरोध र आवश्यक छानबिन गरी आगामी माघ २० गते अन्तिम सूची प्रकाशित हुनेछ ।
कूल २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन् । यस्तै, ११० सदस्य भने समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन् ।रासस

# निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन सबैको सहयोग हुनुपर्छः राष्ट्रपति पौडेल



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मानव अधिकारमैत्री बनाउँदै लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि सबैको सहयोगको अपेक्षा गरेका छन ।
उनले भने, 'युवापुस्ताको आन्दोलनपश्चात् देशमा विकसित राजनीतिक परिस्थितिलाई सम्पूर्ण नेपाली जनताका साथै अन्तरराष्ट्रिय समुदायले विशेष चासोका साथ हेरिरहेको छ, देशको वर्तमान परिस्थितिलाई सामान्यीकरण गर्दै लैजान सरकार, राजनीतिक दल, नागरिक समाज, युवापुस्ताका अभियन्ता र सर्वसाधारण नागरिक सबैको संयोजनकारी र सकारात्मक भूमिका हुनुपर्छ ।'
७७औँ अन्तरराष्ट्रिय मानव अधिकार दिवसका अवसरमा बुधवार शुभकामना व्यक्त गर्दै विश्वमा न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्न राष्ट्रहरूको ध्यान केन्द्रित भइरहेका सन्दर्भमा नेपालले पनि संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हकको पूर्ण कार्यान्वयनका लागि अझ बढी अग्रसरता लिनुपर्ने उल्लेख गरेका छन ।
सन्देशमा भनिएको छ, 'मानवले मानवजस्तो भएर बाँच्न पाउने जीवनको आधार मानव अधिकार भएकाले आज विश्वमा मानव अधिकार दिवसलाई उच्च महत्वका साथ मनाइँदैछ, मानव अधिकार जन्मसिद्ध हक भएकाले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका विषय नेपालको संविधानले अवलम्बन गर्दै स्वतन्त्रता, समानता र न्यायलाई मजबुत बनाउन योगदान पु¥याएको छ ।'
नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अन्तरराष्ट्रिय सन्धि सम्झौताको पक्षराष्ट्रसमेत भएकाले मानव अधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध एवं संवेदनशील रहिआएको उल्लेख गर्दै सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र सामाजिक सङ्घ, संस्था, सञ्चारमाध्यम तथा निजीक्षेत्रको सक्रियताले कमजोर तथा जोखिममा रहेका समूहको हकअधिकार, स्वतन्त्रता र न्यायको अनुभूति गराउन आवश्यक थप काम गर्नसकेमा मानव अधिकार दिवसले थप सार्थकता पाउने विश्वास पनि व्यक्त गर्नुभएको छ । व्यक्तिगत स्वतन्त्रता र लोकतान्त्रिक शासन प्रणालीलाई सारभूत बनाउने मानव अधिकारको महत्वपूर्ण पक्ष आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भएको राष्ट्रपति पौडेलको भनाइ छ ।रासस

# मनाइयो सार्कको ४०औँ वार्षिकोत्सव



**काठमाडौँ।**
दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को बडापत्रमा हस्ताक्षर गरेको ४०औँ वार्षिकोत्सव विशेष समारोहको आयोजना गरी मनाइएको छ।
वार्षिकोत्सवका अवसरमा मङ्गलबार यहाँ आयोजित समारोहमा सार्कका महासचिव मोहम्मद गोलाम सरवारले शुभकामना व्यक्त गर्दै सार्कका विशिष्टिकृत निकाय र सार्कका क्षेत्रीय केन्द्रलगायत अन्तर सरकारी संयन्त्र बडापत्रका उद्देश्य साकार पार्ने उद्देश्यले आफ्नो कार्यदिशामा सक्रिय रुपमा लागिपरिरहेका उल्लेख गरे। यसका अतिरिक्त, सार्कका पर्यवेक्षक मुलुकहरु र विकास साझेदारहरुसँगको सहकार्यले पनि निरन्तरता प्राप्त गर्दै आएको उनले उल्लेख गरे।
'सार्क मानवताको एक चौथाइ हिस्सा बोकेको दक्षिण एशियाली क्षेत्रबीच सहकार्यको भावनालाई प्रतिबिम्वित गर्दै एकता र उत्थानशीलताको प्रतीकका रुपमा उदाएको छ', महासचिव सरवारले भने, 'म विश्वस्त छु कि आगामी वर्षले हामीलाई हाम्रा साझा चुनौतीलाई सम्बोधन गर्दै प्रचुर सम्भावनाको सदुपयोग गर्ने उद्देश्यले आपसी सहकार्यका लागि थप अवसर प्रदान गर्नेछन् र एकीकृत र समृद्ध दक्षिण एसियाको हाम्रो सपना साकार पार्न सार्क हामी सबैको तर्फबाट काम गर्न अझ सशक्त हुनेछ।'
दक्षिण एसियाका जनताको जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यअनुरुप उद्देश्यले अभिप्रेरित भई सार्कको तत्वावधानमा सञ्चालन गरिएका क्षेत्रीय सहयोग व्यापक र बृहत्तर रहेको बताउँदै महासचिव सरवारले गरिबी निवारण, अर्थिक र व्यापारिक विकास, कृषि, शिक्षा, विज्ञान र प्रविधि, ऊर्जा, संस्कृति, क्षेत्रीय सम्पर्क, पूर्वाधार विकासजस्ता क्षेत्रमा प्रयास केन्द्रित रहेको उल्लेख गरे।
उनले भने, 'यसका अतिरिक्त, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, आतङ्कवाद र लागुपदार्थको तस्करी, सुरक्षा, युवा, महिला र बालबालिको सशक्तीकरणजस्ता आमचुनौतीका विषयलाई पनि हामीले सम्बोधन गरेका छौँ।'
समारोहमा प्रमुख अतिथिका रुपमा उपराष्ट्रपति रामसहायप्रसाद यादव हुनुहुन्थ्यो । त्यसैगरी, समारोहमा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख, नेपालस्थित विभिन्न कूटनीतिक निकायका प्रमुखहरु, नेपाल सरकारका उच्च अधिकारी, सार्कका अधिकारी, परराष्ट्रविद्, सञ्चारकर्मीलगायत उपस्थित थिए । सार्कको स्थापना सन् १९८५ डिसेम्बर ८ तारिखमा बङ्गलादेशको ढाकामा सार्क चार्टरमा हस्ताक्षरसँगै भएको हो । सार्कमा अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी आठ सदस्य राष्ट्र समावेश छन् । यस सङ्गठनको सचिवालय सन् १९८७ जनवरी १७ तारिखमा काठमाडौँमा स्थापना गरिएको हो।
सदस्य राष्ट्रका राष्ट्रप्रमुख वा सरकार प्रमुखको बैठक सार्कअन्तर्गतको सबैभन्दा उच्च निर्णय–निर्माण निकाय हो । शिखर बैठकहरू सामान्यतया दुई–दुई वर्षको अन्तरालमा आयोजित गरिन्छन् र वर्णानुक्रमअनुसार सदस्य राष्ट्रहरूले आयोजना गर्छन् । शिखर सम्मेलन आयोजना गर्ने सदस्य राष्ट्रले उक्त अवधिमा सङ्गठनको अध्यक्षता ग्रहण गर्छ। सार्कका हालसम्म १८ शिखर सम्मेलन भइसकेका छन् । सार्कको १८औँ शिखर सम्मेलन सन् २०१४ नोभेम्बर २६ र २७ मा काठमाडौँमा भएको थियो । त्यसयता सार्कको शिखर सम्मेलन हुन सकेको छैन । रासस

# नयाँ पुस्ताको माग पूरा गर्न जरुरी छः उपराष्ट्रपति यादव



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले अघिल्लो भदौ २३ र २४ गते 'जेन्जी' पुस्ताले गरेको आन्दोलनले देखाएको असन्तोषले पनि मानव अधिकारको सुनिश्चितता अझै अपूर्ण रहेको तथ्यलाई उजागर गरेको बताएका छन ।
अन्तरराष्ट्रिय मानव अधिकार दिवसका अवसरमा बुधवार शुभकामना व्यक्त गर्दै उनले भने, 'युवापुस्ताको असन्तोष नातावाद र भ्रष्टाचारविरुद्धको विद्रोहका सन्दर्भमा अन्तरराष्ट्रिय मानव अधिकार दिवसले नेपाललाई समानता, न्याय, वाक् स्वतन्त्रता र गरिमामय जीवन सुनिश्चित गर्न थप जिम्मेवार र संवेदनशील बन्न प्रेरित गरेको छ ।' नयाँ पुस्ताको सक्रिय सहभागिताले मुलुकमा समान अवसर, पारदर्शिता र सुशासनको अपरिहार्यता स्पष्ट पारेको र सामाजिक न्यायप्रतिको आकाङ्क्षा र नेपाली जनचाहनालाई सम्बोधन गर्न आवश्यक रहेको उपराष्ट्रपति यादवको भनाइ छ । शुभकामना सन्देशमा भनिएको छ, 'नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहित सामाजिक न्याय र मानव अधिकारका पक्षमा निरन्तर अग्रसर छ ।
राजनीतिक, आर्थिक र सामाजिक विकासको यात्रामा अझै केही वर्ग वा समुदायले अधिकार संरक्षणमा अपूर्णता महसुस गरिरहेका छन्, त्यसको पहिचान र सम्बोधन गर्नु हाम्रो साझा जिम्मेवारी हो, अधिकार सम्पन्न नागरिक नै राष्ट्रको समृद्धि र विकासका आधारस्तम्भ हुन् ।'
मानव अधिकार प्रत्येक व्यक्तिको सम्मान, गरिमा र स्वतन्त्रताको मूल आधार र दिवसले समानता, न्याय र मानव गरिमाको आदर्शलाई पुनःस्मरण गराउँदै अधिकारको प्रवद्र्धनमा दृढ प्रतिबद्ध रहन उत्प्रेरित गर्ने उपराष्ट्रपति यादवको विश्वास छ । उहाँले विभेद, अन्याय र अत्याचारको अन्त्यका लागि सामूहिक प्रयास अपरिहार्य छ, किनकी मानव अधिकारको उल्लङ्घन कुनै पनि रूपले स्वीकार्य हुन नसक्ने पनि बताउनुभएको छ ।
उनले भने, 'शिक्षा, रोजगारी, स्वास्थ्य सेवाजस्ता आधारभूत अधिकारमा सबै वर्ग, समुदाय र भूगोलको समान पहुँच सुनिश्चित गर्नु अपरिहार्य छ । साथै, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेसी, शिल्पी समुदाय तथा अल्पसङ्ख्यक समूहका अधिकारलाई ठोस कदममार्फत सुदृढ बनाउनु आजको आवश्यकता हो, अन्तरराष्ट्रिय मानव अधिकार दिवसले संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयनतर्फ नेपाललाई निरन्तर प्रेरित गरिरहेको छ ।'
सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र (युडीएचआर) को स्मरणमा हरेक वर्ष यो दिवस मनाइन्छ । उक्त घोषणापत्रले जाति, धर्म, लिङ्ग, भाषा, विचार, सामाजिक मूल वा जन्मका आधारमा कुनै भेदभाव नगरी सबैलाई समान अधिकार सुनिश्चित गरेको छ । नेपालमा यस दिवसले जनचेतना विस्तार, अधिकारको संरक्षण र न्यायपूर्ण समाज निर्माणमा थप ऊर्जा प्रदान गर्दछ ।रासस

# बढ्दो भ्रष्टाचारले मानव अधिकार सुनिश्चित गर्ने मार्गमा गम्भीर चुनौती थपेको छः उपसभामुख राना

**काठमाडौँ ।**
उपसभामुख इन्दिरा रानाले गरिबी, बेरोजगारी, सामाजिक असमानता, लैङ्गिक हिंसा, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका समुदायले अझै पनि पूर्ण अधिकार उपभोग गर्न नसकिरहेको अवस्था मानव अधिकार प्रवद्र्धनका लागि थप गम्भीर चिन्ताको विषय भएको बताएकी छन ।
७७औँ अन्तरराष्ट्रिय मानव अधिकार दिवसका अवसरमा बुधवार शुभकामना व्यक्त गर्दै पटकपटक देखिने सरकार परिवर्तन, सार्वजनिक निकायमा बढ्दो अविश्वास, सुशासनका चुनौती, न्यायिक पहुँचमा देखिने विभेद, भ्रष्टाचारको बढ्दो प्रभाव र सेवा प्रवाहमा देखिएका कमजोरीले नागरिकका आधारभूत मानव अधिकार सुनिश्चित गर्ने मार्गमा गम्भीर चुनौती उपस्थित गरिरहेको उल्लेख गरिन ।
उनले भनिन, 'नेपालले आफ्नो संविधानमार्फत मानव अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै नागरिकको अधिकार संरक्षित तथा सुनिश्चित गर्न महत्वपूर्ण प्रगति हासिल गरेको छ, नेपाल मानव अधिकारसम्बन्धी प्रमुख अन्तरराष्ट्रिय सन्धि–सम्झौताको पक्षराष्ट्र भएकाले मानव अधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन र कार्यान्वयनप्रति राज्य गम्भीर दायित्वबद्ध छ ।'
मानव अधिकारका सार्वभौमिक मूल्य र सिद्धान्तको सम्मानस्वरूप संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको दिनको स्मृतिमा प्रत्येक वर्ष डिसेम्बर १० मा यो दिवस मनाइन्छ । विश्वभर मनाइने यस दिवसले मानव स्वतन्त्रता, समानता, न्याय तथा मर्यादित जीवनका आधारभूत मान्यतालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको उनले बताएकी छन ।
सन्देशमा भनिएको छ, 'मानव अधिकार सुनिश्चित गर्नु राज्यको मूल दायित्व हो । राज्यका तीन तह सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले समन्वय र सहकार्य गर्दै नागरिकमैत्री शासन व्यवस्था निर्माण गर्नु अपरिहार्य छ, मानव अधिकारसम्बन्धी कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयन, सामाजिक न्यायमा आधारित समावेशी नीति, सेवाको पहुँचमा समानता, न्यायिक प्रणालीमा जनविश्वास वृद्धि, भ्रष्टाचार नियन्त्रण, कमजोर, पिछडिएका तथा वञ्चित समुदायलाई लक्षित कार्यक्रम, मानव अधिकार शिक्षाको प्रवद्र्धनजस्ता कदमले मात्र मानव अधिकारको मर्मलाई व्यवहारमा उतार्न सकिन्छ ।' समावेशी लोकतन्त्र, सुशासन, विधिको शासन, अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्याय र समानता सबै मानव अधिकारका आधारस्तम्भ भएको उल्लेख गर्दै उनले राजनीतिक स्थिरता र उत्तरदायित्वका अभावमा यी मूल्यहरूले सुदृढता पाउन गाह्रो भएको बताएकी छन । त्यसैले आजको दिनले राज्यका सबै संरचनालाई मानव अधिकारलाई शासन व्यवस्थाको केन्द्रमा राख्न आह्वान गरेको उनको भनाइ छ ।रासस

# मानव अधिकारको पूर्ण कार्यान्वयन गर्नु आजको अपरिहार्य आवश्यकताः संयोजक दाहाल

**काठमाडौं ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले समावेशी लोकतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पूर्ण कार्यान्वयनलाई सबैको साझा सङ्कल्प बनाउनु आजको अपरिहार्य आवश्यकता भएको बताएका छन ।
७७औँ विश्वमानव अधिकार दिवसका अवसरमा बुधवार शुभकामना व्यक्त गर्दै उनले सामाजिक न्यायबिना कुनै पनि समाज सभ्य, समृद्ध र साँच्चै लोकतान्त्रिक बन्न नसक्ने पनि उल्लेख गरेका छन ।
उनले भने, 'द्वन्द्वकालका पीडितहरूले न्याय, सत्यको खोजी र परिपूरण पाउनु मानव अधिकारको अविभाज्य विषय हो । सङ्क्रमणकालीन न्यायलाई चाँडोभन्दा चाँडो टुङ्गोमा पु¥याएर पीडितको घाउमा मलम लगाउने कामलाई हामी कुनै पनि हालतमा पछि सार्न सक्दैनौँ । यो हाम्रो राजनीतिक र नैतिक दुवै दायित्व हो ।' पूर्वप्रधानमन्त्री दाहालले मानव अधिकारको साँचो अर्थ आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउने हरेक व्यक्तिको जन्मसिद्ध अधिकारको प्रत्याभूति भएको उल्लेख गर्दै भनेका छन 'तर विडम्बना, हाम्रो समाजको ठूलो हिस्सा (दलित, महिला, जनजाति, मधेसी, मुस्लिम, थारू, पिछडिएका क्षेत्र तथा सम्पूर्ण उत्पीडित–उपेक्षित समुदाय) लामो समयदेखि राज्यसत्ताबाटै संरक्षित विभेद र उत्पीडनको सिकार बन्दै आएका छन् ।'
नागरिकले समानतापूर्वक बाँच्न पाउने वातावरण, जातीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक तथा सांस्कृतिकसहित सबैखाले विभेदको अन्त्य र राज्यका हरेक निकायमा दलित, महिला, जनजाति, मुस्लिम, थारूलगायत समुदायको अर्थपूर्ण सहभागिताबिना समावेशी लोकतन्त्र अधुरो रहन्छ र मानव अधिकारको सार्थक प्रत्याभूति सम्भव नहुने उनको भनाइ छ ।
सन्देशमा भनिएको छ, 'ऐतिहासिक विभेद र उत्पीडनविरुद्धको महान् जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न अधिकारमुखी आन्दोलनको बलमा प्राप्त भएको हाम्रो संविधानले यी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ, तर अधिकार कागजमा मात्र सीमित हुनुहुँदैन, ती अधिकारको पूर्ण कार्यान्वयन आजको सबैभन्दा ठूलो चुनौती र दायित्व हो ।'रासस

# वीरगंज महानगरलाई बैंकहरुको ९ थान कम्प्युटर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकालाई विभिन्न बैंकहरूले कम्प्युटर सामग्री सहयोग उपलब्ध गराएका छन् । बैंकहरूले महानगरपालिकालाई ९ थान कम्प्युटर हस्तान्तरण गरे ।
भदौ २३ र २४ गते 'जेन्जी' आन्दोलनक्रममा भएको लुटपाट, तोडफोड र आगजनीका कारण महानगरपालिकाको भवन तथा कार्यालयका सामग्री पूर्णरूपमा नष्ट भएपछि नगरका सेवाप्रवाह प्रभावित बनेका थिए । कार्यालयको नियमित कामकाज सहज बनाउन बैंकहरूले सहयोग उपलब्ध गराएका हुन् ।
वीरगंजमा सञ्चालनमा रहेका एभरेष्ट, लक्ष्मी सनराइज, सिद्धार्थ, कुमारी, ग्लोबल आइएमई, प्रभु, माछापुच्छ्रे, सिटिजन बैंक इन्टरनेशनल र प्राइम कमर्सियल बैंक लिमिटेडले एक–एक थान गरी ९ थान कम्प्युटर सहयोग गरेका छन् । महानगरका सद्भावना दूत अशोक वैद्यको पहलमा बैंकहरूले सहयोग उपलब्ध गराएका हुन् ।
वीरगंज महानगर प्रमुख राजेशमान सिंहले बैंकहरूले विगतदेखि नै सहयोग गर्दै आएको उल्लेख गर्दै संकटको समयमा पुनः सहयोग उपलब्ध गराएकोमा धन्यवाद व्यक्त गरे । 'महानगरको सम्पत्ति जल्नु भनेको नगरवासीकै सम्पत्ति नष्ट हुनु हो । यस्तो कठिन घडीमा साथ र समर्थन जनाउने सबै संघ–संस्थाप्रति हामी कृतज्ञ छौँ । यसले फेरि उठ्ने हिम्मत र ऊर्जा दिएको छ,' प्रमुख सिंहले भने ।
बैंकर एशोसिएशन पर्साका संयोजक एवम् लक्ष्मी बैंक वीरगंज शाखाका प्रमुख रोहिणी आचार्यले नगरवासीलाई सहज सेवा उपलब्ध गराउनु बैंकहरूको दायित्व भएको बताउँदै महानगरपालिकालाई आवश्यक उपकरणहरू सहयोगपूर्वक उपलब्ध गराएको जानकारी दिए ।

# उपराष्ट्रपति यादवसँग कतारका राजदूतको शिष्टाचार भेट

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि कतारका राजदूत मिशाल मोहम्मद अली अल अन्सारीले बुधवार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ । भेटमा नेपाल र कतारबीचको आपसी सम्बन्ध, बहुपक्षीय तथा क्षेत्रीय मञ्चहरूमा सहकार्य, श्रम, आप्रवासन, व्यापार लगायतका विषयमा महत्त्वपूर्ण छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ।
सो अवसरमा उपराष्ट्रपति यादवले सन् १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल र कतारबीचको सम्बन्ध मित्रता, आपसी सम्मान, विश्वास र सहयोगमा आधारित रही उत्कृष्ट रूपमा विकसित भएकामा सन्तोष व्यक्त गरे ।
उनले संयुक्त राष्ट्रसङ्घ तथा असंलग्न आन्दोलनका सदस्य राष्ट्रका रूपमा नेपाल र कतारले विभिन्न बहुपक्षीय तथा क्षेत्रीय मञ्चहरूमा निरन्तर सहकार्य प्रशंसनीय रहेको बताए।



उनले हालैका वर्षहरूमा उच्चस्तरीय भ्रमणहरूको आदानप्रदानले दुई देशबीचको सम्बन्ध अझ घनिष्ट बनेको बताए। कतारमा करिब तीन लाख ६५ हजार नेपाली श्रमिक कार्यरत रहेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले रोजगारीको अवसर प्रदान गरेकामा कतार सरकारप्रति धन्यवाद व्यक्त गरे । 'नेपाली श्रमिकहरूले कतारको अर्थतन्त्रमा पु¥याएको योगदान र नेपालमा रहेका परिवारलाई सहयोग गर्दै नेपालको अर्थतन्त्रलाई सुदृढ बनाएकामा खुसी व्यक्त गर्दछु,' उनले भने, 'नेपाल सरकार सुरक्षित तथा सम्मानजनक वैदेशिक रोजगारी सुनिश्चित गर्न प्रतिबद्ध छ।'
उपराष्ट्रपति यादवले सन् २०२५ को रमादान तथा ईदका अवसरमा नेपाली बन्दीहरूलाई 'अमीरि क्षमादान' प्रदान गरेकामा कतारका अमिरप्रति हार्दिक धन्यवाद व्यक्त गरे । साथै, नेपाल २०२६ मा अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति गर्ने र २०३० सम्म मध्यम आय भएको देश बन्ने लक्ष्य राखेको सन्दर्भमा कतारसहितका मित्रराष्ट्रहरूबाट थप लगानी तथा सहयोग आवश्यक रहेको बताए।
नेपाल र कतारबीचको प्रत्यक्ष हवाई सम्पर्कले पर्यटन प्रवद्र्धन तथा व्यापार विस्तारमा सहयोग पु¥याउने विश्वास व्यक्त गर्दै उपराष्ट्रपति यादवले काठमाडौँ र दोहा प्रत्यक्ष उडानलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिए । नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा तथा नेपाली जनताको आतिथ्यभाव कतारी पर्यटकका लागि आकर्षक गन्तव्य बन्न सक्ने बताए।
कतारको राष्ट्रिय दिवसका अवसरमा उपराष्ट्रपति यादवले राजदूतमार्फत कतारका अमिर हिज हाइनेस शेख तमिम बिन हमाद अल–थानी तथा कतारका जनतालाई हार्दिक बधाई दिँदै अमिरको सुस्वास्थ्य, खुसी तथा कतार जनताको शान्ति, प्रगति र समृद्धिको कामना गरे।
कतारका राजदूत मिशाल मोहम्मद अल अन्सारीले नेपाल र कतारबीच धेरै पुरानो तथा बलियो सम्बन्ध रहेको उल्लेख गर्दै नेपाल सरकारको अनुरोधमा कतारले ३० जना नेपालीलाई कतारको कारागारबाट रिहा गरेको बताए ।रासस

# नेशनल मेडिकल कलेज र नेशनल इन्फोटेकबीच सम्झौता



**मधेशदृष्टि**
**वीरगज ।**
नेशनल मेडिकल कलेज तथा नेशनल इन्फोटेक कलेज (एनआई कलेज) बीच स्वास्थ्य सेवा सहकार्यसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार नेशनल इन्फोटेक कलेजका बोर्ड सदस्य, कर्मचारी–खेलाडी तथा उनीहरूका प्रत्यक्ष आश्रितलाई नेशनल मेडिकल कलेजद्वारा विभिन्न स्वास्थ्य सेवा सुविधा प्रदान गरिनेछ । सहकार्यअन्तर्गत आकस्मिक तथा आपतकालीन उपचार, क्यासलेस तेस्रो पक्ष बीमा सेवा, अन–साइट क्लिनिक सञ्चालन, वेलनेस प्याकेज तथा अस्पतालका विभिन्न सेवामा विशेष सहुलियत प्रदान गरिने व्यवस्था गरिएको छ ।
सम्झौतामा ओपिडी सेवा, जनरल बेड, आइसियू– एनआइसियू–पिआइसीयू, शल्यक्रिया, प्याथोलोजी परीक्षण, एक्स–रे, भिडियो एक्स–रे, इसिजी, इको, टिएमटी, सिटी स्क्यान, एमआरआइ, फार्मेसी तथा डेन्टल सेवामा विशेष सुविधा उपलब्ध गराइने उल्लेख गरिएको छ ।
सम्झौतामा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शहनवाज अन्सारी र नेशनल इन्फोटेक कलेजका प्रिन्सिपल इञ्जिनियर मनीष सिंहले हस्ताक्षर गरेका छन् ।
सम्झौता एक वर्षका लागि लागू हुने र आपसी सहमतिमा नवीकरण गर्न सकिने व्यवस्था गरिएको छ । सहकार्यले दुवै संस्थाबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै शैक्षिक संस्थामा आबद्ध व्यक्तिलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने विश्वास लिइएको छ ।

# काठमाडौँ विश्वविद्यालयका दुई हजार दुई सय विद्यार्थी दीक्षित

**काभ्रेपलाञ्चोक ।**
धुलिखेलस्थित काठमाडौँ विश्वविद्यालय (केयू)मा बुधवार ३१औँ दीक्षान्त समारोह (पहिलो चरण)मा दुई हजार २०९ विद्यार्थी दीक्षित भएका छन् । यसमध्ये १७ देशका १ सय ९६ विदेशी विद्यार्थी रहेका छन् ।
समारोहमा विश्वविद्यालयको स्कुल अफ आर्टसका ८३, स्कुल अफ एजुकेसनका २ सय ९४, स्कुल अफ इन्जिनियरिङका ३४०, स्कुल अफ लका ३६, स्कुल अफ मेनेजमेन्टका ३ सय ७८, स्कुल अफ मेडिकल साइन्सेजका ८ सय ८१ र स्कुल अफ साइन्सका १ सय ९७ गरी कुल दुई हजार २ सय ९ विद्यार्थी यसपटक दीक्षित भएका छन् । दीक्षितमध्ये पिएचडी, डिएम र एमसिएच तहका सात, स्नातकोत्तर तहका ३ सय ९७, पिजिडी तहका ५० र स्नातक तहका एक हजार ७ सय २८ जना रहेका छन् ।
दीक्षितमध्ये अष्ट्रेलिया, अस्ट्रिया, बङ्गलादेश, भूटान, बेलायत, भारत, जापान, मलेसिया, माल्दिभ्स, मेक्सिको, नामिबिया, रसिया, स्पेन, श्रीलङ्का, स्विडेन, संयुक्त राज्य अमेरिका र भियतनामका १९६ विदेशी विद्यार्थी रहेको विश्वविद्यालयका उपकुलपति प्राडा अच्युत वाग्लेले जानकारी दिए ।
स्नातकोत्तर तहमा सबैभन्दा बढी चार सिजिपिए प्राप्त गर्ने मास्टर्स अफ आर्टस इन ट्रान्सलेसन, टेक्सुअल इन्टरप्रिटेसन एन्ड फिलोलोजी अध्यनरत स्पेनकी माइते कास्टेलानो मेन्चाकालाई चान्सलर स्वर्णपदक, स्नातक तहमा सबैभन्दा बढी ८५ दशमलव ४५ प्रतिशत अङ्क प्राप्त गर्ने एमबिबिएसतर्फ नोबेल मेडिकल कलेज विराटनगरका गौरव सिंह साउदलाई भाइस चान्सलर स्वर्ण पदक, एमबिए तहमा सबैभन्दा बढी सिजिपिए तीन दशमलव ९४ ल्याउने स्कुल अफ म्यानेजमेन्टका अरुणा बुढाथोकीलाई जुद्धबहादुर श्रेष्ठ स्वर्ण पदक र एमबिए तहका सर्वोत्कृष्ट विद्यार्थीलाई प्रदान गरिने रणबहादुर शाह स्वर्णपदक तीन दशमलव ९४ सजिपिए ल्याउने स्कुल अफ मेनेजमेन्टका सौगात दङ्गाललाई प्रदान गरिएको छ ।
प्रधानमन्त्री तथा कुलपति सुशीला कार्कीको अध्यक्षतामा आयोजित समारोहमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री तथा सहकुलपति महावीर पुन तथा नयाँ दिल्लीस्थित जवाहरलाल–नेहरू विश्वविद्यालयका उपकुलपति प्राध्यापक शान्तिश्री धुलिपुडी पण्डितको सहभागिता रहेको थियो ।
३१औँ दीक्षान्तको पहिलो चरणसम्म काठमाडौँ विश्वविद्यालयबाट दीक्षितको हुनेको सङ्ख्या ५० हजार ४० जना पुगेको छ । तीमध्ये पाँच हजार ८६० विदेशी विद्यार्थी अर्थात् करिब १२ प्रतिशत रहेका छन् ।रासस

# यथास्थितिमा हुने निर्वाचनले जटिलतामा धकेल्नेः लिङ्देन

**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान व्यवस्था र निर्वाचन प्रणाली यथास्थितिमा रहिरहे मुलुक थप जटिलतामा फस्ने चेतावनी दिएका छन् । बुधबार काठमाडौँमा शुरु भएको पार्टीको केन्द्रीय कार्य समिति बैठकलाई सम्बोधन गर्दै लिङ्देनले संविधानले अपेक्षित परिणाम नदिएको र यही प्रणालीमा हुने अर्को निर्वाचनले समस्या झन् गहिरिने दाबी गरे ।
उनले वर्तमान अवस्थामा निर्वाचन नै समाधानको मार्ग बन्न नसक्ने उल्लेख गर्दै जनताको बीचमा विश्वास हासिल गर्न नसक्ने राजनीतिक दलहरू नाम परिवर्तनमै सीमित हुन पुगेको टिप्पणी गरे ।
लिङ्देनका अनुसार जनताको अपेक्षा पूरा गर्न सक्ने पार्टी राप्रपा मात्र भएर उभिएको छ । उनले मुलुकलाई दिगो निकास दिन राजा, राजनीतिक दलहरू र नयाँ पुस्ताबीच सहमति र साझेदारी आवश्यक रहेको पनि बताए । 'असफल भइसकेको संविधानलाई नै टेकेर त्यही निर्वाचन प्रणाली कायम राखेर फागुन २१ गते मध्यावधि निर्वाचन गर्ने निर्णय भएको छ । त्यसले मुलुकलाई निकास दिने र समाधान दिने होइन । त्यसले थप जटिलताहरु पैदा गर्ने र अहिले देखिएको समस्यालाई अलि पर ठेल्ने मात्रै काम गर्नेछ भन्ने हाम्रो धारणा छ,' उनले भने ।
लिङ्देनले मुलुकलाई निकास दिन पूर्व राजा, राजनीतिक दल र जेनजी पुस्ताबीच समझदारी गरेर अघि बढ्नुपर्ने अडान समेत दोहो¥याए । राप्रपाले जेनजी आन्दोलनपछि पूर्वराजालाई समेत फर्काउने गरी सडक आन्दोलन गर्दै आइरहेको छ ।

# पोखरेलद्वारा एमाले अध्यक्ष पदमा प्रतिस्पर्धा गर्ने घोषणा

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आफ्नो विचार समूहका तर्फबाट अध्यक्ष पदमा प्रतिस्पर्धा गर्न लागेको बताएका छन् ।
एमालेको ११औँ राष्ट्रिय महाधिवेशन यही मङ्सिर २७–२९ गतेसम्म काठमाडौँमा हुन गइरहेको सन्दर्भमा बुधवार सम्पादकहरूसँग अन्तरसंवाद गर्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष पदमा प्रतिस्पर्धा गर्न लागेको बताए ।
उनले नेतृत्व पुस्तान्तरण र हस्तान्तरणसहित विधि र प्रक्रियाका आधारमा सबैलाई समेटेर पार्टी सञ्चालन गर्नुपर्दछ भन्ने आम नेता तथा कार्यकर्ताको भावनलाई सम्मान गर्दै अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको स्पष्ट गरे ।
वरिष्ठ उपाध्यक्ष पोखरेलले चुनावी प्रतिस्पर्धामा जितहारको अवस्थालाई स्वाभाविक रुपमा लिनुपर्ने धारणा व्यक्त गर्दै निर्वाचनको परिणाम जेजस्तो आए पनि आफूहरू पार्टीका पक्षमा दृढताका साथ उभिने स्पष्ट गरे ।
एक प्रश्नको जिज्ञासामा वरिष्ठ उपाध्यक्ष पोखरेलले राज्यको संविधान, पार्टीको विधान, अन्तरराष्ट्रिय असल अभ्यास र सम्बन्धित व्यक्तिको चाहना भए जो कोहीलाई राजनीतिमा आउन दिनुपर्ने धारणा व्यक्त गरे ।



यसैगरी प्रतिनिधि सभाको पुनःस्थापनासम्बन्धी विषय हाल अदालतमा विचाराधीन रहेकाले अनावश्यक टीकाटिप्पणी गर्न नहुने बताउँदै उनले लोकतन्त्र र निर्वाचनमा विश्वास गर्ने पार्टी भएकाले एमालेले आगामी निर्वाचनमा भाग लिने स्पष्ट गरे । वरिष्ठ उपाध्यक्ष पोखरेलले मुलुकका वामपन्थी शक्तिहरूबीच एकता हुनुपर्ने पक्षमा आफूहरू रहेको बताए ।
प्रमुख सञ्चारमाध्यमका सम्पादकहरूसँगको अन्तरसंवाद कार्यक्रममा पार्टीका उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र सुरेन्द्र पाण्डे, सचिव योगेश भट्टराई र गोकर्ण विष्टलगायतका नेताको उपस्थिति थियो । जेन्जी आन्दोलनले गर्दा प्रधानमन्त्रीबाट सत्ताच्यूत भएका ओली आयोगमा बयान दिन नजाने बताइरहेको समयमा पोखरेलले भने सरकारले गठन गरेको आयोगलाई मान्दिन भन्न नपाउने बताए ।
सरकारले जेन्जी आन्दोलनको घटनाबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन भएको छ । 'कार्की आयोगको कार्यशैलीप्रति, आयोग बन्ने प्रकृयामाथि असहमति हुन पाइन्छ । तर बयान नै दिन जान्न भन्न पाइन्न', पोखरेलले भने ।
उनले आफ्नै नरम शैलीमा अध्यक्ष ओली बयान दिन जाने विश्वास पनि कार्यक्रममा व्यक्त गरेका थिए ।
उनले संविधानले पूर्वराष्ट्रपतिलाई पार्टी सदस्यता नवीकरण गर्न नरोकेको र पार्टी विधानले पनि नरोकेको समयमा विद्यादेवी भण्डारीलाई एमालेको पार्टी सदस्यता दिनुपर्ने धारणा राखे । 'संविधान र विधानले नरोकेको र व्यक्तिले चाहेको अवस्थामा पूर्वराष्ट्रपति भण्डारीलाई सदस्यताबाट रोक्न हुँदैन,' उनले भने ।
उनले आफू पार्टीभित्रको लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्न, सामूहिक निर्णयको सुदृढ गर्न अध्यक्षमा उम्मेदवारी घोषणा गरेको पनि बताए । पोखरेलले हिजो ओलीसँग अध्यक्षमा हारेका माधव नेपाल र भीम रावलजस्तो बन्नका लागि आफूले उम्मेदवारी घोषणा नगरेको जिकिर पनि सम्पादकहरूमाझ गरे । 'म भीम रावल वा माधव नेपाल बन्न अध्यक्षको उम्मेदवार बनेको होइन,' पोखरेलले अन्तर्क्रियामा भने ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन